# नेपाली सेनाको नियन्त्रण, रुपान्तरण र चुनौती

सुधीर शर्मा

मुलुक राजतन्त्रात्मकबाट गणतान्त्रिक प्रणालीमा रूपान्तरित भएको र नयाँ संवैधानिक संरचना निर्माण गरिरहेको संक्रमणकालीन अवस्थामा राज्यको कुनै निकाय सर्वाधिक संक्रमणबाट गुज्रनुपर्‍यो भने त्यो नेपाली सेना हो । तत्कालीन शाही नेपाली सेनाले आफ्नो संस्थापक एवं संरक्षक राजतन्त्रको अन्त्यसँगै 'शाही' शब्दलाई तिलाञ्जली दिएर आफूलाई बदलिएको परिवेशमा ढाल्ने क्रममा यस्तो संक्रमणको सामना गर्नु परेको हो । २०६३ सालको अन्तरिम संविधान र विस्तृत शान्ति सम्झौतामा उल्लेख भएअनुरूप सेनाको लोकतान्त्रीकरण र पुनःसंरचना नभएसम्म सैन्य रूपान्तरण वा संक्रमणको यो अध्याय पूरा हुने छैन ।

समग्र राज्यको पुनःसंरचनाको सफलता एवं प्रभावकारिता एक हदसम्म नेपाली सेनाको पुनःसंरचनामा निर्भर छ । एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) सेनाका लडाकुको समायोजन तथा पुनःस्थापना कार्यसँग पनि यो जोडिएको छ ।[१] ती लडाकुलाई नेपाली सेनामा समायोजन गर्नुपर्छ वा गर्नै हुन्न

[१] तत्कालीन नेकपा (माओवादी) अन्य वाम दलहरूसँग एकीकरण भई हाल एनेकपा (माओवादी) बने तापनि यो पुस्तकमा कहीं नेकपा (माओवादी) र कहीं माओवादी मात्र भनिएको छ । त्यस्तै, कतिपय स्थानमा नेपाली काँग्रेसलाई काँग्रेस मात्र र नेकपा (एमाले) लाई एमाले मात्र पनि उल्लेख छ ।

अथवा केहीलाई मात्र गर्नुपर्छ भन्ने मतहरू संक्रमणकालका दौरान देखापरे । यस्ता प्राविधिक मतमध्ये कुन उचित हो भन्ने निर्क्योल गर्ने दायित्व राजनीतिक नेतृत्वको हो, जसको औपचारिक निर्णय राजनीतिक दलका प्रतिनिधिहरू सम्मिलित 'माओवादी सेनाका लडाकुको रेखदेख, समायोजन र पुनःस्थापना गर्न गठित विशेष समिति,' मार्फत हुनेछ ।[२]

नेपाली राज्यको सबभन्दा पुरानो निकायको रूपमा रहेको नेपाली सेनाको संरचना र स्वरूप सशस्त्र द्वन्द्वकालमा दोब्बर भयो । २०६६ सालसम्मको अभिलेखअनुसार झण्डै ९६ हजार दरबन्दी रहेको सेनाका देशभर गरी विभिन्न तहका ४०८ इकाइ छन् । त्यसको नियन्त्रण एवं व्यवस्थापन गर्न सैनिक मुख्यालयमा प्रधानसेनापतिको नेतृत्वमा आठ ओटा विभाग, चार महानिर्देशनालय, नौ निर्देशनालय, काठमाडौंलगायत हरेक विकास क्षेत्रमा एक-एक गरी छ पृतना र हरेक अञ्चलमा कम्तीमा एक बाहिनी गरी जम्मा १६ ओटा बाहिनी छन् । सेनाको यो संरचनालाई समयानुकूल छरितो र प्रभावकारी बनाउने चुनौती नीति निर्माताहरूसामु छ ।

विगतमा सैन्य संरचनामाथि राजतन्त्रको नियन्त्रण थियो । अन्तरिम संविधान, २०६३ ले नेपाली सेनालाई गणतान्त्रिक सरकारमातहत ल्यायो, तर व्यावहारिक रूपमा त्यो राष्ट्रपतिको 'कमाण्ड'मा देखियो । खास गरी २०६६ सालमा, पूर्वविद्रोही माओवादीले नेतृत्व गरेको सरकारका पालामा, केही मुद्दाविशेषमा आफ्नो निर्देशन नमानेको भनेर प्रधानमन्त्रीले तत्कालीन प्रधानसेनापतिलाई पदमुक्त गर्ने निर्णय गरे, तर त्यसलाई राष्ट्रपतिले निस्क्रिय पारिदिए । त्यो घटनाले सेनामाथि मन्त्रीपरिषद्को वास्तविक नियन्त्रण नरहेको देखायो ।

विगतमा राजतन्त्रप्रति बफादार नेपाली सेनामाथि अब सरकार, राष्ट्रपति वा अन्य कुन शक्तिको प्रभाव एवं नियन्त्रण रहला ? सेना आफैं राजनीतिक शक्तिकेन्द्रका रूपमा उदाउला ? विगतमा राजाले जस्तै राष्ट्रपतिले पनि सैन्य शक्तिको दुरूपयोग गर्ने सम्भावना कस्तो छ ? यी प्रश्नको जवाफले नेपालको भावी सैन्य-राजनीतिलाई दिशानिर्देश गर्नेछ । यो कुरा बुझ्न नेपाली सेनाको नियन्त्रण र बफादारिताको ऐतिहासिक शृंखला सर्सती केलाउन जरूरी छ ।[३]

---

[२] प्रधानमन्त्रीको अध्यक्षतामा रहेको यो समितिको सचिवालयको संयोजकमा नेपाली सेनाका पूर्व रथी बालानन्द शर्मालाई २०६४ मंसीर १३ गते नियुक्त गएिको थियो ।

[३] नेपाली सेनाको आधिकारिक इतिहासका निम्ति हेर्नुहोस् (शर्मा, वैद्य र मानन्धर २०४९) । नेपाली सेना सम्बन्धमा प्रकाशित अन्य प्रमुख पुस्तक हुन् (खत्री २०४१; बस्न्यात २०५३, सन् २००४; मेहता सन् २००५; विष्ट २०२०; आदि) ।

## शाहकालीन सेना

नेपालमा सेना राज्य सञ्चालनको मुख्य मेरुदण्ड रहँदै आएको छ । यसलाई व्यवस्थित गर्ने सुरुआती भूमिका खोतल्दा तीनजना सैन्य नेताहरूको नाम आउँछ : पृथ्वीनारायण शाह, भीमसेन थापा र जंगबहादुर राणा ।[४] नेपाली सेनाको स्थापना मूलतः राजा पृथ्वीनारायणले गरेका हुन् । उनले गोर्खाली सेनाको प्रयोगबाट मुलुकको एकीकरण अभियान थालेर त्यसैको बलमा शाह राजवंश स्थापना गरेका थिए ।

पृथ्वीनारायणपछि सैन्य मामिलामा उल्लेख्य भूमिका भीमसेन थापाको देखियो, जसले आफूलाई 'कमाण्डर-इन-चीफ' घोषणा गर्नुका साथै पाश्चात्य शैलीबाट सेनाको आधुनिकीकरण प्रारम्भ गरे । दरबारिया राजनीतिक षड्यन्त्रमा परेर बन्दी अवस्थामा आत्महत्या गर्नु परे पनि थापाको करिब तीन दशक लामो शासन मूलतः सैन्य बलमै टिकेको थियो ।

तेस्रो सैन्य नेताका रूपमा जंगबहादुर उदाए । उनले सेनामाथि एकलौटी प्रभुत्व जमाई राज्यसत्ता नै कब्जामा लिए र १०४ वर्ष लामो पारिवारिक सैन्य प्रभुत्वको शासन प्रारम्भ गरे । त्यस अवधिमा नेपाली सेनाको नियन्त्रण 'श्री ५' शाह राजाहरूबाट 'श्री ३' राणा महाराजहरूमा सरेको थियो ।

२००७ सालको परिवर्तनपछि मुलुकको सैन्य नियन्त्रण फेरि शाह वंशमा फर्कियो । नेपाली काँग्रेसको सहयोगमा पुनःस्थापित राजा त्रिभुवनले २००९ सालमा सेनाको सर्वोच्च कमाण्डरको पद लिनुका साथै सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा रहेको विशेष पल्टन 'बिजुली गारत'लाई नारायणहिटीमा सारे । त्रिभुवनको निधनपछि २०११ सालमा राजा बनेका महेन्द्रले अझ व्यवस्थित ढंगले सेनामाथि नियन्त्रण जमाए । त्यही उद्देश्यले २०१६ सालमा सैनिक ऐन जारी गरियो । र, त्यसैको बलमा एक वर्षपछि बीपी कोइराला नेतृत्वको निर्वाचित सरकारलाई अपदस्थ गरियो ।

राजा महेन्द्रले नेपाली सेनाको नाम अघिल्तिर 'शाही' शब्द थपेर त्यसलाई राजतन्त्रसँग अझ निकट देखाउने प्रयत्न गरे । सेनाको उच्च तहमा आफूप्रति बफादार अधिकारी मात्र पुग्ने अनौपचारिक प्रणाली बसाले । विगतका राणा शासकलगायत काँग्रेससँग असन्तुष्ट काठमाडौंको सम्भ्रान्त समुदायसँग साँठगाँठ बढाएर एउटा छुट्टै सत्तावृत्त पनि निर्माण गरे । सेनाको नेतृत्व तहमा राणा, शाह, थापा, बस्न्यातलगायत राजधानीका सीमित सम्भ्रान्त मात्र पुग्ने नियोजित नीति

---

[४] उनीहरूबारेका प्रतिनिधि पुस्तक पढ्नुहोस् (आचार्य २०६१; नेपाली २०१३; राणा सन् १९९८) ।

दरबारले लियो । सर्वसाधारण पनि जर्नेल तहमा पदोन्नत हुने व्यवस्था २००७ सालबाटै गरिए पनि त्यसको झण्डै छ दशक साधारण परिवारका व्यक्ति सेनापति बन्न नपाउनुको मुख्य कारण त्यही थियो ।[५]

राजा वीरेन्द्रले पनि महेन्द्रको सैन्य नीतिलाई निरन्तरता दिए । महेन्द्रले शीतयुद्धकालमा चीन र भारतबीचको टकरावको कुटनीतिक फाइदा उठाउँदै नेपाली सेनालाई थप व्यवस्थित गरे । तर वीरेन्द्रको नीति २०४५ सालमा आइपुग्दा असन्तुलनको शिकार भयो । उनले 'भारतीय खतरा'लाई दृष्टिगत गरी हवाई प्रतिरक्षा क्षमता वृद्धिका लागि चीनबाट 'एन्टी–एयरक्राफ्ट गन' सहितका हातहतियार ल्याए, जसलाई दिल्लीले रुचाएन । त्यहींबाट सुरु भएको भारतीय आर्थिक नाकाबन्दी र त्यससँगै उत्कर्षमा पुगेको माहौलका बीच २०४६ सालमा जनआन्दोलन भयो । शाही सर्वोच्चता रहेको निर्दलीय पञ्चायत व्यवस्था ढल्यो । तर, दरबारले आफ्नो हातमा रहेको राजनीतिक नियन्त्रण छाडे पनि सैन्य नियन्त्रण छाडेन ।

२०४७ सालमा नयाँ संविधान निर्माण गर्दा सरकार र राजनीतिक दलहरूले सैन्य नियन्त्रणका सम्बन्धमा अपेक्षित ध्यान दिन सकेनन् । दरबारले चाहिं सैन्य प्रभाव दुरुपयोग गरेर संविधान निर्माण प्रक्रियालाई प्रभावित गर्न खोजेको थियो । जंगी अड्डाले एक परिपत्र जारी गरी सेनाको परमाधिपति, अतिरथी तथा परमसेनाधिपति राजा रहनुपर्ने, नेपाल अधिराज्यको सार्वभौमसत्ता उनमै निहित हुनुपर्ने, सेनाको प्रयोग एवं नियन्त्रण राजाबाट हुनुपर्ने, प्रधानसेनापति राजाबाटै नियुक्त गरिनुपर्ने लगायतका सुझाव संविधान सुझाव आयोगलाई दिन मातहतका सिपाहीहरूलाई भन्यो ।[६] त्यससँगै तत्कालीन प्रधानसेनापति सच्चितशमशेर जबराको नेतृत्वमा जर्नेलहरूको एक समूहले तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई भेटी यस्तै दबाब दियो ।

दरबारले चाहेजस्ता सबै प्रावधान २०४७ सालको संविधानमा उल्लेख भएनन्, तर सेनाको सञ्चालन र प्रधानसेनापतिको नियुक्तिमा राजाको अधिकार चाहिं स्थापित भयो ।[७] त्यसलाई प्रधानमन्त्री र प्रधानमन्त्री अध्यक्ष रहने राष्ट्रिय

---

[५] २०६३ सालमा प्रधानसेनापति बनेका रुक्मांगद कटवाल सामान्य परिवारका भए पनि दरबारको संरक्षणमा हुर्किएका थिए । २०६६ सालमा उनको उत्तराधिकारी बनेका छत्रमानसिंह गुरूङ चाहिं तनहुँमा जन्मेका जनजाति समुदायका पहिलो सेनाप्रमुख हुन् ।

[६] जंगी अड्डाको बलाधिकृत विभाग, व्यवस्था र युद्धकार्य शाखाद्वारा २०४७ असार ९ गते जारी परिपत्र अनुसार ।

[७] उक्त संविधानको धारा ११८(२) मा 'श्री ५ बाट शाही नेपाली सेनाको सञ्चालन र प्रयोग राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा गरिबक्सनेछ' उल्लेख थियो भने धारा ११९ ले सेनाको परमाधिपति राजा रहने किटानी गर्दै प्रधानसेनापतिको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राजाले गर्ने भनिएको थियो ।

सुरक्षा परिषद्ले सन्तुलनमा राख्न सक्ने थोरै ठाउँ थियो, तर लामो समयसम्म परिषद् सचिवालय गठन निम्ति प्रयास भएन । व्यवहारतः सेनामाथि दरबारकै नियन्त्रण रहिरह्यो । सेना र राजाबीच सेतुको काम राजदरबारस्थित सैनिक सचिवालयले गऱ्यो । सचिवालयको भूमिका खासमा रक्षा मन्त्रालयको जस्तो र त्यहाँ रहने सैनिक सचिव सेनापतिमाथिका सेनापतिजस्तो देखिन्थे । उनीमार्फत नै सेनापतिले राजासमक्ष आफ्ना कुरा राख्ने वा सम्पर्क गर्ने गर्थे । सेनाको सरुवा-बढुवामा पनि सैनिक सचिवालयको मुख्य भूमिका हुन्थ्यो ।[८]

२०५२ सालमा माओवादीले 'जनयुद्ध' थालेपछि राज्यको मुख्य सुरक्षा अंगमाथि रहेको द्वैध नियन्त्रणले समस्या उब्जाउँदै गयो । द्वन्द्व सुरु भएको दुई वर्ष नबित्दै दरबारले सेना परिचालन गरेर त्यसलाई नियन्त्रणमा लिन खोज्यो, तर तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सेना परिचालन भएमा परमाधिपति रहेका राजाको राजनीतिक प्रभाव बढ्ने ठाने । त्यसैले नेपाल प्रहरीमार्फत नै माओवादी विद्रोहलाई नियन्त्रणमा लिने प्रयत्नस्वरूप २०५५ जेठबाट 'किलो सेरा टु' अपरेसन थाले । परिणामस्वरूप सरकार २०५६ सालमा आमनिर्वाचन गर्न त सफल भयो, तर त्यसपछि प्रहरी क्रमशः रक्षात्मक बन्दै गयो भने माओवादी आक्रामक देखिँदै गए । पछि सेना परिचालन गर्नैपर्ने निष्कर्षमा सरकार पुग्यो तर त्यसवेला दरबारले अनुमति दिएन (आनन्द २०६१) ।

यसबारे दुई पक्षको फरकफरक बुझाइ थियो । सरकार र दलहरू ठान्थे- दरबारले फेरि सत्ता हत्याउन सकिन्छ भनेर माओवादी आन्दोलन बढोस् भन्ने चाहना राखेको छ र त्यही उद्देश्यले सेना परिचालन गर्न नदिएको हो । दरबारको तर्क हुन्थ्यो- सेनाको परिचालन रीत पुऱ्याएर मात्र हुनसक्छ र राज्यको अन्तिम शक्तिलाई हडबडीमा प्रयोग गर्दा दुष्परिणाम निस्कन सक्छ ।[९]

२०५७ असोजमा डोल्पा जिल्लाको सदरमुकाम दुनैमा माओवादीले आक्रमण गर्दा छेवैमा रहेको सेना सघाउन नआएको भन्ने विषयले राष्ट्रिय चर्चा पायो । त्यसलाई लिएर सेनाको चर्को आलोचना गर्ने तत्कालीन गृहमन्त्री गोविन्दराज जोशी र प्रहरी प्रमुख अच्युतकृष्ण खरेललाई दरबारको दबाबमा पदमुक्त गरियो । २०५८ असारमा रोल्पाको होलेरीमा आफूले खटाएको सेना कारबाहीविनै फर्किएपछि प्रधानमन्त्री कोइराला स्वयंले राजीनामा दिए ।

---

[८] पूर्व सैनिक सचिव विवेककुमार शाहसँग कुराकानी, २०६६ साउन, काठमाडौं ।

[९] तत्कालीन दरबार र सरकारमा काम गरेका विभिन्न पदाधिकारीसँग अनौपचारिक कुराकानी, २०६५ विभिन्न मिति ।

२०५८ मंसिरमा दाङस्थित सैनिक ब्यारेकमा हमला गरेर सेनाको विषयलाई लिएर सरकार र दरबारबीच जारी तनावलाई टुंग्याउने काम एक हिसाबले माओवादीहरूले नै गरे । त्यसपछि सेना स्वतः परिचालन भइहाल्यो । राणा शासनपछि आन्तरिक राजनीतिक प्रयोजनमा प्रायः असंलग्न रहँदै आएको सेनाले प्रकारान्तरमा त्यस्तै भूमिका पायो ।

## द्वन्द्वसँगै बढेको सामर्थ्य

२०५८ सालमा सेना परिचालन गरिंदा उसलाई तीनओटा 'कार्यादेश' दिइएको थियो : माओवादीले लुटेका हतियार फिर्ता गर्ने, तिनलाई निःशस्त्र पार्ने र नसके नष्ट गर्ने । यी तीन उद्देश्यलाई २०६० कात्तिक २३ गते अझ प्रस्टसँग परिभाषित गरियो, 'नागरिक-सैन्य राष्ट्रिय अभियान योजना' लागु गरेर । नेपाल भ्रमणमा आएकी तत्कालीन अमेरिकी सहायक विदेशमन्त्री क्रिस्टिना रकालाई सैनिक मुख्यालयमा दिइएको 'ब्रिफिङ'मा यस अभियानबारे विस्तृत रूपमा उल्लेख छ :

- हिंसा र आतंकवाद रोक्ने उद्देश्यले माओवादीहरूलाई निःशस्त्र गर्नका लागि तिनीहरूविरूद्ध निरन्तर अपरेसन सञ्चालन गर्ने ।
- माओवादीहरूको सैन्य क्षमता निकै घटेपछि वा तिनीहरू वर्तमान संविधान (२०४७ सालको) लाई मान्न सहमत भएमा मात्र तिनीहरूसँग सम्झौता गर्ने ।[१०]

यी कुनै उद्देश्यमा सेना सफल देखिएन, तर माओवादीलाई जित्न पनि दिएन । माओवादी अध्यक्ष पुष्पकमल दाहालले खुला राजनीतिमा आइसकेपछि २०६४ सालमा चितवनस्थित शक्तिखोर शिविरको चर्चित सम्बोधनमा युद्धकालमा आफूहरूसँग १० हजारभन्दा कम संख्यामा मात्र छापामार रहेको खुलासा गरेका थिए ।[११] त्यस दृष्टिले हेर्दा आफूभन्दा कैयौं गुणा सानो आकारको माओवादी सैन्य शक्तिलाई परास्त गर्न नसक्नुले नेपाली सेनाको व्यावसायिक क्षमतामाथि प्रश्न

---

[१०] 'शाही नेपाली सेनाद्वारा संयुक्त राज्य अमेरिकाकी सहायक विदेशमन्त्री क्रिष्टिना रकासमक्ष प्रस्तुत संक्षिप्त प्रतिवेदन', २०६० पुस २ गते, पृ. ३ ।

[११] माओवादी अध्यक्ष दाहालले २०६४ पुस १८ गते शक्तिखोरमा आफ्ना छापामारमाझ गरेको सम्बोधनको भिडियो टेप पहिलोपटक २०६६ वैशाख २२ गते काठमाडौंबाट प्रसारण हुने इमेज च्यानल टेलिभिजनले सार्वजनिक गरेको थियो ।

गर्ने ठाउँ दिन्छ । यद्यपि, माओवादीसँगको द्वन्द्वको मौका छोपी सेनाले आफ्नो सामर्थ्य र प्रभावचाहिं निकै बढायो ।

राष्ट्रिय स्रोत-साधनहरूको व्यापक परिचालन र अन्तर्राष्ट्रिय सहयोग दुवै पाएपछि सेनाले २०४६ सालपछि रोकिएको संगठन सुदृढीकरण अभियान सुचारु पारेको थियो । २०५९ सालबाट सैनिक विस्तार कार्यक्रम लागु गरियो । करिब ५४ हजार रहेको सैन्य संख्या चार वर्षमा ९३ हजारजति पुग्यो । सरकारले २०६० कात्तिकमा 'युनिफाइड कमाण्ड' खडा गरेपछि मुलुकका बाँकी तीनओटा सुरक्षा निकाय पनि सेनाको कमाण्डमा आए । ४५ हजार नेपाल प्रहरी, १५ हजार सशस्त्र प्रहरी र दुई हजार राष्ट्रिय अनुसन्धान विभागका गुप्तचर सेनामातहत परिचालित भए ।

हरेक विकास क्षेत्रमा एक-एक र राजधानीमा एक गरी छओटा पृतना (डिभिजन) हरू खडा गरिए, जबकि २०५८ सालअघि एउटा पनि थिएन । १४ ओटै अञ्चलमा बाहिनीहरू स्थापना गरिए । सैनिकहरूले ३० वर्षदेखि निजी हतियारका रूपमा चलाउँदै आएको बेल्जियन एसएलआर (सेल्फ लोडिङ राइफल) लाई प्रतिस्थापन गर्न अमेरिकाबाट 'एम-१६' र भारतबाट 'इन्सास' राइफल भित्र्याइयो । बेल्जियमबाट ५५ सय मेसिनगनहरू पनि किनिए । 'एन्टी-माइन भेहिकल', 'नाइट भिजन' उपकरण, 'बम डिस्पोजल युनिट' आदि ल्याइए । २०५८ सालमा एक दर्जनको हाराहारीमा रहेको सेनाका हवाई साधनको संख्या तीन वर्षमै कम्तीमा २७ पुऱ्याइयो, जसमा एउटा एभ्रो जहाज, एउटा स्काइ-भ्यान, दुइटा स्काइ-ट्रक र दुइटा जासुसी विमानसहित विभिन्न हेलिकोप्टर थिए ।

अमेरिकी सहयोगमा २०५९ फागुनमा 'रेञ्जर बटालियन' नामक 'स्पेशल फोर्स' खडा गरियो । यसअघि सेनासँग यस्तो विशिष्ट पल्टनका रूपमा भैरवनाथ गणअन्तर्गत 'घ' र 'ङ' गुल्म मात्र थिए । ती दुई गुल्मलाई युद्धभैरव गणमा बदल्नुका साथै स्पेशल फोर्स सञ्चालन गर्ने छुट्टै बाहिनी खडा गरियो ।

सेना आर्थिक रूपमा पनि सम्पन्न भयो । आर्थिक वर्ष २०४७-४८ मा नेपाली सेनाको बजेट एक अर्ब १० करोड रुपियाँ मात्र थियो । त्यसयता रक्षा बजेट त्यति कहिल्यै बढेन, जति संकटकाल लागेपछि बढ्यो । २०५८-५९ सालमा सेनाका निम्ति पाँच अर्ब ८५ करोड छुट्ट्याइएको थियो, जुन २०६२-६३ सालमा दोब्बर (१० अर्ब २५ करोड) भयो ।

सैन्य परिचालनको निर्णयसँगै मुलुकभरी लागु गरिएको संकटकाल र आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) सम्बन्धी कानुनले सेनालाई वैधानिक रूपमै थुप्रै राजनीतिक अधिकार दियो । युद्धको आवश्यकताले सेनाको संरचना, संख्या, हातहतियार, बजेट, अन्तर्राष्ट्रिय पहुँच

आदि पनि बढायो । राज्यसंयन्त्रमा पहिलेदेखि विशिष्ट स्थानमा रहेको सेना पछिल्ला साधनस्रोतबाट झन् प्रभावशाली बन्न पुग्यो । राजदरबारले पनि त्यस्तै शक्तिशाली सेना चाहेको थियो, जसको दुरुपयोग गरेर आफ्नो राजनीतिक अभीष्ट पूरा गर्न सकियोस् ।

## शाही दुरुपयोग

ब्यारेकबाट निस्केलगत्तै सैनिक अधिकारीहरूले राजनीतिक दलहरूको खुल्लमखुला आलोचना गर्न थालेका थिए । "मुलुकको यो स्थिति कुशासनले गर्दा सिर्जना भएको हो कि सेनाले ल्याएको हो ?", २०५८ चैतमा तत्कालीन प्रधानसेनापति प्रज्वल्लशमशेर जबराले दलहरू अक्षम भएर द्वन्द्व निम्तिएको दाबी गर्दै भने, "विगत १२ वर्षसम्ममा राजनीतिक कारणले ल्याएको असहज परिस्थितिलाई राष्ट्रिय सुरक्षाको पहरेदार शाही नेपाली सेनामाथि थोपर्नु कत्तिको न्यायोचित हुन्छ ?"[१२]

सेनापति जबरालाई सार्वजनिक रूपमा यसरी राजनीतिक नेतृत्वमाथि दोषारोपण गर्ने आँट दरबारको धाप र संकटकालमा पाएको असीमित अधिकारले दिएको थियो । अन्ततः ब्यारेकबाट निस्किएको एक वर्ष नपुग्दै सेना आफूलाई परिचालन गर्ने सरकारलाई नै अपदस्थ गर्ने कदमको भागीदार बन्यो । २०५९ असोज १८ गते तत्कालीन राजा ज्ञानेन्द्रले प्रधानमन्त्री शेरबहादुर देउवालाई सैनिक बलकै आडमा बर्खास्त गरे ।

२०४६ सालपछि सरकार र दलहरूले सैनिक मामिलामा ध्यान दिने र सेनामाथि वैधानिक नियन्त्रण राख्नेतर्फ विचार पुऱ्याउन नसकेकाले त्यस्तो स्थिति उत्पन्न भएको थियो । नयाँ संविधान बनेर शासन प्रणाली परिवर्तन भइसक्दा पनि २०१६ सालमा दरबारले आफ्नो अनुकूल हुने गरी जारी गरेको सैनिक ऐनलाई परिमार्जन गर्नेतर्फ दलहरूको ध्यान गएन । संविधानमा उल्लिखित राष्ट्रिय सुरक्षा परिषद्लाई समेत २०५८ सालमा आएर मात्र सचिवालय खडा गरेर क्रियाशील तुल्याइयो । सेनामाथि नागरिक नियन्त्रणका निम्ति महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने रक्षा मन्त्रालयलाई सबल बनाइएन । २०४७ देखि २०६१ सालमा राजा ज्ञानेन्द्रले सत्ता लिँदासम्म जम्मा तीनजनाले मात्र रक्षामन्त्रीको छुट्टै जिम्मेवारी पाए ।[१३] नत्र

---

[१२] 'सि.सं. ९ कमाण्ड तथा स्टाफ तालिमको दीक्षान्त समारोहको निमित्त प्रधानसेनापतिज्यूको सम्बोधन', २०५८ चैत १४, पृ. ४ ।

[१३] २०४६ देखि २०६१ सालसम्मको १४ वर्षे प्रजातान्त्रिक कालमा माधवकुमार नेपाल, फत्तेसिंह थारू र महेश आचार्यले मात्र रक्षामन्त्रीको अलग्गै कार्यभार पाएका थिए ।

त्यो जिम्मेवारी प्रधानमन्त्री आफैंले लिने, तर रक्षा मन्त्रालयलाई गतिशील बनाउनेतर्फ पटक्कै ध्यान नदिने प्रवृत्ति देखियो । यसले गर्दा परम्परागत रूपमै दरबारप्रति बफादार रहेको नेपाली सेना दैनन्दिन मामिलामा समेत सरकारप्रति जवाफदेही हुनु परेन ।

राजा ज्ञानेन्द्रले सैन्य शक्तिको आडमा 'असोज १८' मा सत्ता हत्याएपछि मात्र राजनीतिक दलहरूले सेनाको महत्त्व बुझ्न थालेजस्तो देखियो । बीपी कोइरालाले २०१७ सालको 'कू' पछि सेनाको सुधारका सम्बन्धमा लेखेका रचना र अनुभवहरू उद्धृत हुन थाले । नेपाली काँग्रेसलगायत पाँच दलले २०६० असार २१ गते सार्वजनिक गरेको १८ बुँदे 'अग्रगामी सुधारसम्बन्धी कार्यक्रम'मा सेनाबारे यस्तो उल्लेख गरियो : "प्रजातान्त्रिक मान्यताअनुरूप नेपालको सेनालाई राष्ट्रिय स्वरूप प्रदान गरिनेछ र यो देश तथा जनताप्रति बफादार हुनेछ । नेपालको सेना संसदप्रति उत्तरदायी जननिर्वाचित सरकारअन्तर्गत रहने व्यवस्था गरिनेछ ।"

सेना दरबार होइन, संसदमातहत हुनुपर्छ भन्नेमा उनीहरू एकमत देखिए, यद्यपि दलहरूले यसको व्याख्या गरेका थिएनन् । यस्तो धारणा आउन थालेपछि तत्कालीन राजा ज्ञानेन्द्रले २०६० सालमा एक अन्तर्वार्तामार्फत प्रस्टीकरण दिए :

> सेना त अहिले पनि संसदमातहत नै छ । प्रधानमन्त्री र रक्षामन्त्री रहेको सुरक्षा परिषद्बाट निर्णय नभई कसैले शाही नेपाली सेना परिचालन गर्न सक्दैन । न त संसदले बजेट पारित नगरी यसको सञ्चालन र व्यवस्थापन नै हुनसक्छ । यो यथार्थलाई कसैले नबुझेजस्तो लाग्दैन । अर्को कुरा, राजा परमसेनाधिपति रहने जुन व्यवस्था छ, त्यो हाम्रो संविधानले नै व्यवस्थित गरेको कुरा हो र अन्य राष्ट्रमा पनि राष्ट्रप्रमुखले यो दायित्व पूरा गरेको हुन्छ । दलीय व्यवस्थामा बहुमतमा रही सरकार चलाउनेबाट प्रतिपक्ष वा अल्पमतमा रहनेलाई ऐन मौकामा सेनाको प्रयोग गरेर दमन नहोस् भन्ने उद्देश्यले पनि यस्तो व्यवस्था गरिएको हुनसक्छ (कोइराला २०६०) ।

सेनाका परमाधिपति रहेका ज्ञानेन्द्रले २०६१ माघ १९ गते सेनालाई आड बनाएर अर्को सत्ता विप्लव गरे । त्यसलाई कार्यान्वयन गर्न सेनाले उनलाई सबै किसिमबाट सघाएको थियो । तत्कालीन प्रधानसेनापति प्यारजंग थापाले भनेका थिए :

> हामी सबैले परमाधिपति अतिरथी परमसेनाधिपति श्री ५ महाराजाधिराज सरकारको वरद छत्रछायाँमा प्रतिपालित शाही नेपाली सेनाको गौरवमय परम्परालाई कायम राख्दै राजा, जनता र राष्ट्रप्रतिको बफादारीलाई पालना गर्नुपर्नेछ । समयको माग एवं जनताको चाहनाअनुरूप राष्ट्र एवं राष्ट्रियताको जगेर्ना गर्दै नेपाली जनताको बृहत्तर

> हितका लागि श्री ५ महाराजाधिराज सरकारबाट वि.सं. २०६१ माघ १९ गते चालिबक्सेको ऐतिहासिक कदमले राष्ट्रको सबै क्षेत्रमा आशाको किरण छाएको छ ।[१४]

यसरी सेना आफ्ना परमाधिपतिको राजनीतिक महत्त्वाकांक्षासँग सोझै गाँसिन पुग्यो, जसले उसलाई ऐतिहासिक जोखिमतर्फ धकेल्दै थियो । २०१७ सालपछि जस्तै नेपाली सेनाको छवि लोकतन्त्रविरोधी बन्दै गयो ।

## सेनाको राजनीतिक पराजय

नेपाली सेना शाही प्रतिगमनको भागीदार बनेपछि माओवादीसँग लड्न सैन्य सहयोग दिंदै आएका भारत, अमेरिका र बेलायतजस्ता परम्परागत सहयोगीहरूले त्यसबाट हात झिके । बाह्य सहयोगमा निर्भर नेपाली सेना मनोवैज्ञानिक र भौतिक रूपमा एक्लिँदै गयो । त्यसको असर प्रतिविद्रोही कारबाहीमा समेत देखिन थाल्यो ।

२०६२ साउन २३ गते भारतका तत्कालीन रक्षा मन्त्री प्रणव मुखर्जीले 'नेपाली सेना माओवादी नियन्त्रण गर्न प्रभावकारी छैन' भन्ने सार्वजनिक प्रतिक्रियासमेत दिए । संयोगवश त्यसै दिन कालिकोटको पिलीमा माओवादीले आक्रमण गरी सैनिक शिविर कब्जा गरेका थिए । त्यहाँ 'भारतमा बनेको कमजोर प्रकृतिको इन्सास राइफलका कारण असफलता बेहोर्नुपरेको' प्रस्टीकरण सैनिक मुख्यालयले दियो (कान्तिपुर २०६२) । आफ्नो मुलुकमा निर्मित र आफूले सहयोग दिएको राइफलबारे नेपाली सेनाले गम्भीर आरोप लगाएपछि भारतीय दूतावासले 'राइफलका कारण मात्रै लडाइँमा असफलता हात लागेको भन्न नमिल्ने' प्रतिक्रिया दियो (घले २०६२) । आफ्नो निकट एवं प्रमुख सहयोगी भारतसँग सेनाको सम्बन्ध झन्झन् चिसो भयो ।

भारत, अमेरिका र बेलायतले सैन्य सहयोग रोकिदिएपछि सम्भावित सहयोगी उत्तरको छिमेकी हुनसक्थ्यो । तत्कालीन राजतन्त्रसँग परम्परागत सम्बन्ध रहेका कारण चीनले सीमित सैनिक सहयोग दिन थालेको मात्र थियो, भारतले उच्च कुटनीतिक पहलद्वारा त्यसलाई निस्क्रिय बनाइदियो । २०६२ मंसिरमा भारतका तत्कालीन विदेश सचिव श्यामशरण बेइजिङ गएर नेपाल मामिलामा न्यूनतम सहमति कायम गरेपछि नेपाली सेनाले चिनिया सहयोग पाउने सम्भावना पनि रहेन ।[१५]

---

[१४] 'श्री सम्माननीय प्रधानसेनापतिबाट कालीकोटका पिली इलाकाको भ्रमण', सैनिक जनसम्पर्क विभागद्वारा जारी विज्ञप्ति, २०६२ साउन २७ ।

[१५] कूटनीतिक स्रोतसँग अनौपचारिक कुराकानी, २०६५ पुस, काठमाडौं ।

नेपाली सेनाले माओवादीलाई नियन्त्रणमा लिएर शान्तिसुरक्षा बहाली गर्छ भन्ने आम बुझाइ गलत साबित हुँदै गएको थियो । सेनाले माओवादीलाई जित्न दिएन, तर पराजित गर्न पनि सकेन । वास्तवमा त्यो लडाइँ कुनै पक्षले नजित्ने सन्तुलनको चरणमै रह्यो । माओवादीले पनि युद्धको बाटोबाट सत्ता कब्जा गर्न नसकिने निष्कर्ष निकाले । खास गरी ज्ञानेन्द्रले 'कू' गरेको केही सातामै २०६१ चैतमा रूकुमको खारामा ठूलो तयारीका साथ गरेको हमलामा भयानक हार बेहोर्नु परेपछि उनीहरू त्यस्तो निष्कर्ष निकाल्न बाध्य भएका थिए ।[१६] त्यो फौजी हारले माओवादीलाई राजाविरूद्ध संसदीय शक्तिहरूसँग सहकार्य गर्न थप उत्प्रेरित गऱ्यो ।

राजाले सत्ताच्युत गरिसकेको पृष्ठभूमिमा संसदीय राजनीतिक दलहरू पनि माओवादीसँग मिलेर संयुक्त आन्दोलन गर्नुपर्ने मनस्थितिमा पुगिसकेका थिए । ज्ञानेन्द्रको मुख्य आड भरोसा सैन्य शक्ति भएको देखेर दलहरू नेपाली सेनाको लोकतान्त्रीकरण र नागरिक नियन्त्रणका पक्षमा उभिए । माओवादी सेनालाई नेपाली सेनाको समानान्तर हैसियत प्रदान गर्न पनि तयार भए । २०६२ मंसिरमा माओवादी र सात दलबीच भएको १२ बुँदे समझदारीमा 'माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणमा राख्ने' सहमति भयो । १२ बुँदे समझदारीकै जगमा संयुक्त जनआन्दोलन भयो, जसले विघटित प्रतिनिधिसभालाई पुनःस्थापित गरेपछि सेनाका परमाधिपति ज्ञानेन्द्रलाई मात्र गद्दीच्यूत गरिएन, अढाई सय वर्षदेखि शासन गर्दै आएको शाहवंशीय राजतन्त्रसमेत विस्थापित भयो । सेना सरकारमातहत आयो ।

## नागरिक नियन्त्रणको प्रयास

राजा ज्ञानेन्द्रको कार्यकालमा दुइटा शाही कदम (२०५९ असोज १८ र २०६१ माघ १९) लाई साथ दिए पनि जनआन्दोलन उत्कर्षमा पुग्दा सैनिक नेतृत्वले गल्ती महसुस गर्न थालिसकेको देखिन्थ्यो । २०६३ वैशाख ९ गते उच्च जर्नेलहरूको सहमति लिई तत्कालीन सेनापति प्यारजंग थापाले राजालाई आन्दोलन नियन्त्रणबाहिर गइसकेको जनाऊ दिंदै यथाशीघ्र सम्झौता गर्न सुझाव दिएका थिए ।[१७] सायद

[१६] खारा र त्यस छेउछाउ भएको भिडन्तमा त्यस वेला ७२ भन्दा बढी छापामार मारिएका थिए । त्यसअघि २०५९ वैशाखमा त्यही ब्यारेकमा हमला गर्दा माओवादीले ४८ छापामार गुमाएका थिए । यो घटनाको विश्लेषणका लागि यसै पुस्तकमा संगृहित साम कोवानको लेख हेर्नुहोस् ।

[१७] नेपाली सेनाका एक उच्च अधिकारीसँग कुराकानी, २०६६ जेठ ।

त्यो पनि एउटा कारण थियो, जसले गर्दा जनआन्दोलनमा दमनकारी भूमिका खेलेको भनेर नेपाल प्रहरी, सशस्त्र प्रहरी एवं गुप्तचर विभागका प्रथम र द्वितीय स्थानका अधिकारीलाई पदमुक्त गरिए पनि सैनिक जर्नेलहरूमाथि कारबाही गरिएन ।

केही जानकारहरूको बुझाइमा चाहिं 'माओवादीले बन्दुक बिसाइनसकेको स्थितिमा नेपाली सेनाको नेतृत्व पंक्तिमाथि हस्तक्षेप गर्दा सिपाहीहरूको मनोबल खतरनाक हिसाबले ह्रास हुने डरले (प्रधानमन्त्री) गिरिजाप्रसाद कोइरालाले प्यारजंग (थापा) लगायत अन्य वरिष्ठ जर्साबहरूलाई निलम्बन/कारबाही नगरेका' हुन् (दीक्षित २०६३) । त्यस वेला आफूमाथि कारबाही नगर्न उच्च सैनिक अधिकारीहरू दलबलसहित बालुवाटारस्थित प्रधानमन्त्री निवास गएर कोइरालालाई दबाबसमेत दिएका थिए, जहाँ भएको वार्तालापको 'रेकर्ड' अखबारमा पनि प्रकाशित भयो (अजेण्डा २०६३) ।

लोकतन्त्रको सुनिश्चितताका निम्ति सेनामाथि नागरिक नियन्त्रण प्रमुख पक्ष हो भन्ने तथ्य दलहरूले आत्मसात् गरिसकेका थिए । त्यसैअनुसार पुनःस्थापित प्रतिनिधिसभामार्फत २०६३ जेठमा शाही नेपाली सेनाको नाम परिवर्तन गरी नेपाली सेना राख्ने, राष्ट्रिय सुरक्षा परिषद्को पुनर्गठन गर्ने, प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने, राजालाई दिइँदै आएको परमाधिपतिसम्बन्धी व्यवस्था खारेज गर्ने, सैनिक संगठनलाई समावेशी र राष्ट्रिय स्वरूपको बनाउनेजस्ता निर्णयहरू गरिए । ४७ वर्ष पुरानो सैनिक ऐन खारेज गरी २०६३ असोजबाट नयाँ सैनिक ऐन लागु गरियो । राजदरबारको प्रमुख सैनिक सचिवालय भंग गरियो । यी कदमले सेना र राजाबीच रहेको परम्परागत सम्बन्धलाई निकै हदसम्म तोड्यो ।

जनआन्दोलनपछि केही अवधि सेना एकदमै रक्षात्मक र मनोबल गिरेको अवस्थामा देखियो । खास गरी माओवादी सेना र आफूलाई बराबरी हैसियत प्रदान गर्ने राजनीतिक दलहरूको समझदारी, विस्तृत शान्ति सम्झौता, हतियार तथा सेनाको व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौता र अन्तरिम संविधान, २०६३ को प्रावधानले नेपाली सेनालाई असन्तुष्ट र कुण्ठित बनायो । २०६३ मंसिर ५ गते विद्रोही माओवादीसँग भएको शान्ति सम्झौता (दफा ४.६) मा नेपाली सेनाबारे यस्तो व्यवस्था गरियो :

> संयुक्त राष्ट्रसंघलाई प्रेषित पत्रमा व्यक्त प्रतिबद्धताअनुसार नेपाली सेना ब्यारेकभित्र सीमित रहने । उसका हतियारहरू कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने कुराको

> प्रत्याभूति गर्ने । माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरू सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चावी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसंघको निगरानीको लागि उसको रेकर्ड साइरनसहितको संयन्त्र सम्मिलित गर्ने । भण्डारण गरिएका हातहतियारहरूको आवश्यक जाँच गर्न पर्दा संयुक्त राष्ट्रसंघले सम्बन्धित पक्षको रोहवरमा गर्ने । क्यामरा अनुगमनलगायत यससम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसंघ, नेपाल सरकार र नेकपा माओवादीको सहमतिले तयार गर्ने ।

हिजोसम्म आफ्नो दुस्मन रहेको शक्तिसमेतको संलग्नतामा राजनीतिक बाटोबाट आफ्ना हात-खुट्टा बाँधिएपछि सैनिक अधिकारीहरू मुर्मुरिए, तर उनीहरू सामान्य प्रतिक्रिया जनाउनसक्ने अवस्थामा पनि थिएनन् । विगतमा आफूले शाही प्रतिगमनलाई सघाएको र राजतन्त्र नै विस्थापित भइसकेको पृष्ठभूमिमा सत्ताका नवसञ्चालकले जे भन्छन् वा गर्छन्, त्यसलाई मान्नुको विकल्प सेनासामु थिएन । त्यसैले राष्ट्रसंघीय शान्ति मिसनहरूमा राम्रै हैसियत बनाएको नेपाली सेना अन्ततोगत्वा राष्ट्रसंघकै निगरानी एवं अनुगमनमा रहनुपर्ने अवस्था आयो ।[१८]

अन्तरिम संविधान, २०६३ मा सेनाको नियन्त्रण सम्बन्धमा थप ठोस प्रावधानहरू राखिए । धारा १४४ मा प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने, सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन मन्त्रिपरिषद्ले गर्ने, यसको लोकतान्त्रीकरणको विस्तृत कार्ययोजना लागु गर्नेजस्ता व्यवस्थाहरू उल्लेख गरिए । सेनाको परिचालन, सञ्चालन र प्रयोगका लागि मन्त्रिपरिषद्लाई सिफारिस गर्न गठित राष्ट्रिय सुरक्षा परिषद्मा पहिलोपटक प्रधानसेनापतिलाई राखिएन ।[१९]

सरकारले सेनालाई आफ्नो नियन्त्रणमा राख्न कागजी कामहरू गरे तापनि व्यावहारिक रूपमा त्यो मुख्यतः दुइटा निकाय–सुरक्षा परिषद् र रक्षा मन्त्रालय–लाई क्रियाशील एवं प्रभावकारी तुल्याएर सम्भव हुन्थ्यो । जनआन्दोलन-२ पश्चात्

---

[१८] सरकार र माओवादीबीच २०६३ मंसिर २२ गते भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौताको दफा ४.२ अनुसार 'नेपाली सेनाका बलहरू वा हातहतियार कुनै पनि पक्ष वा विपक्षमा प्रयोग भए नभएको अनुगमन गर्ने प्रयोजनका लागि संयुक्त राष्ट्रसंघीय अनुगमनकर्ताहरूलाई नेपाली सेनाको कुनै वा सबै ब्यारेकहरूमा पहुँच प्राप्त हुने' अधिकार दिएको थियो ।

[१९] अन्तरिम संविधान, २०६३ को धारा १४५ अन्तर्गत गठित सुरक्षा परिषद्मा प्रधानमन्त्री अध्यक्ष, रक्षामन्त्री, गृहमन्त्री र प्रधानमन्त्रीले तोकेका तीन मन्त्री सदस्य रहने प्रावधान छ ।

२०६५ सालमा संविधानसभा निर्वाचन नहुञ्जेल रक्षा मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला आफैंले लिएका थिए तर त्यस अवधिमा उक्त मन्त्रालयलाई गतिशील बनाउने काम खासै भएन । सुरक्षा परिषद्को बैठकसमेत बसेन । यसले गर्दा नेपाली सेना अभिभावकविहीन जस्तो मात्र भएन, राज्यले बेवास्ता गरेपछि फेरि बिस्तारै आफूलाई सरकारभन्दा बाहिरको स्वायत्त निकायझैं मान्न थाल्यो ।

## सैन्य सक्रियताको पुनरोदय

विगतमा सेनाका असीमित अधिकार र सम्भावित राजनीतिक महत्त्वाकांक्षामाथि राजदरबारले आफ्नो सैनिक सचिवालयमार्फत अंकुश लगाउने गरेको थियो । जनआन्दोलनपश्चात त्यो सचिवालय भंग गरिएपछि र रक्षा मन्त्रालय एवं सुरक्षा परिषद् पनि प्रभावकारी नभएपछि सबै अधिकार सैनिक मुख्यालयमै पुग्यो । जनआन्दोलनमा दमनकारी भूमिका खेलेको आरोप लागेका तत्कालीन सेनापति प्यारजंग थापाको अवकाशपछि रूक्मांगद कटवालले सैन्य नेतृत्व सम्हाले । २०६३ भदौमा सेनापति हुनासाथ उनले खुम्चिएर बसेको सैनिक मनोविज्ञानलाई पुनःजागृत गराउने र समाजसँग घुलमिल बढाउने काम थाले ।

ओखलढुंगाको सामान्य परिवारमा जन्मिएका र राजा महेन्द्रले काठमाडौं ल्याएर दरबारको संरक्षणमा हुर्के-बढेका कटवालको नागरिक समाजमा सकारात्मक छवि थिएन । त्यसैले उनलाई सेनापति बनाइँदा व्यापक विरोध भयो । पत्रकार कनकमणि दीक्षितले लेखेका थिए :

> रूक्मांगद कटवाल नेपाली सेनाको 'चीफ साब' बन्नु एउटा क्रूर विडम्बनाको विषय हुन पुगेको छ । किनकी कटवाल जर्साब आफ्नो व्यावसायिक सैनिक नियम र मर्यादाभन्दा अगाडि सरेर ज्ञानेन्द्र राजाको निरकुंश कदमको स्वागत गर्दै बोल्ने र लेख्ने व्यक्ति हुन् । उनको वैचारिक झुकाव र गैरव्यावसायिकताको प्रमाण काठमाडौंका अंग्रेजी दैनिक र साप्ताहिकमा 'अजय पी नाथ' नामअन्तर्गत प्रस्तुत लेख नै प्रमाण हुन् (दीक्षित २०६३ : २५) ।[२०]

कतिसम्म भने तत्कालीन अर्थमन्त्री रामशरण महतले कटवाललाई सेनापति बनाउँदा राजतन्त्रले सेनाको सहयोगमा पुनः सत्ता हत्याउने सम्भावना नरहेको

---

[२०] अजय पी नाथका नामबाट कटवालका दर्जनौं लेखहरू *दी काठमान्डू पोष्ट, स्पटलाइटल्*गायतका पत्रिकामा छापिएका थिए (हेर्नुहोस्, नाथ सन् २००४ए, सन् २००४बी, सन् २००४सी, सन् २००४डी) ।

प्रस्टीकरण दिनुपरेको थियो ।[२१] तर जे-जस्तो विरोध भए पनि कटवालले आफ्नो बोलक्कड शैली फेरेनन् । बरु माओवादीतर्फ लक्षित गरी बारम्बार राजनीतिक प्रकृतिका टीका-टिप्पणी गरिरहे । उदाहरणका निम्ति उनले २०६४ असार १६ गते सेनाको ७ नम्बर बाहिनीमा गरेको सम्बोधनलाई लिन सकिन्छ :

> राज्यले नेपाली सेनालाई दिएको कुनै पनि जिम्मेवारी निभाउने क्रममा नेपाली जनताको हक-अधिकार खोसिने, मानवअधिकारमाथि हमला हुने, हत्या हिंसामा विश्वास गर्ने र समग्र नेपाली जनताको चाहना अनुसारको प्रजातान्त्रिक पद्धतिमाथि हमला हुने र प्रजातान्त्रिक पद्धतिलाई नै लल्कार्ने किसिमको आतंकवाद, अतिवाद र उग्रवादसँग नेपाली सेनाले कुनै पनि हालतमा कहिले पनि सम्झौता गर्दैन र मान्दैन । नेपाली सेनाको प्रतिबद्धता नै नेपालको राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, राष्ट्रिय सम्प्रभुता र त्योभित्रको प्रजातान्त्रिक पद्धति हो । यसको लागि नेपाली सेनाले कसैसँग पनि कुनै पनि हालतमा सम्झौता गर्दैन ।[२२]

कटवालको सम्बोधन आएको भोलिपल्टै प्रधानमन्त्री कोइराला सैनिक मुख्यालय गई 'परिवर्तित राष्ट्रिय परिस्थितिमा नेपाली सेनाले प्रर्दशन गरेको संयम एवं परिपक्व व्यवहारले नेपाली सेना साँचो अर्थमा नेपालको राष्ट्रिय सेना र नेपाली जनताको सेना भएको' बताए ।[२३] वास्तवमा कटवालको पछिल्तिर कोइरालाको राजनीतिक धाप थियो । कटवाल पहिलो प्रधानसेनापति थिए, जसले राष्ट्रप्रमुखको समेत जिम्मेवारी सम्हालिरहेका प्रधानमन्त्री कोइरालासमक्ष सपथ लिएका थिए । त्यस वेला प्रायः कटवाल बालुवाटार निवास जाने र त्यहीं कोइरालासँग भएको भलाकुसारीका आधारमा आफूले चाहेअनुरूपको सैन्य नीति/योजना बनाउने गर्थे । प्रधानमन्त्री र प्रधानसेनापतिबीचको स्वाभाविक सम्बन्धका कारणले मात्र नभई, पूर्वविद्रोही माओवादीले सत्ता कब्जा गर्छन् कि भन्ने 'खतरा' दुवैका निम्ति साझा बन्दै गएकाले पनि त्यस्तो सम्बन्ध विकसित हुन सहज भयो ।

सेनापतिका रूपमा कटवाल जे-जस्तो सार्वजनिक भूमिकामा देखापरे, त्यसअघिका कुनै सेनाप्रमुख त्यसरी प्रस्तुत भएका थिएनन् । उनले समाजको

---

[२१] 'आर्मी विल नट ब्याक किंग : डा. महत', नेपालन्यूजडटकम, १२ सेप्टेम्बर २००६ ।

[२२] 'प्रधानसेनापतिबाट नं. ७ बाहिनी अड्डाको निरीक्षण भ्रमण', सैनिक जनसम्पर्क निर्देशनालयको विज्ञप्ति नम्बर २०२, २०६४ असार १६ ।

[२३] 'प्रधानमन्त्रीद्वारा जंगी अड्डाको भ्रमण', सैनिक जनसम्पर्क निर्देशनालयको विज्ञप्ति नम्बर २०३, २०६४ असार १७ ।

बृहत्तर क्षेत्रसँग सम्बन्ध विस्तार गर्न तीन 'भ'लाई माध्यम बनाए- भाषण, भोज र भेटघाट । भाषण गर्नमा उनी नेताभन्दा कम देखिएनन् । आफ्नो सरकारी आवास शशिभवनमा हरेक साँझजसो भोज गरेर समाजका सबैखाले व्यक्तित्वहरूसँग भलाकुसारी गर्ने तरिका अपनाए । नेतादेखि बुद्धिजीवी, कुटनीतिज्ञ र पत्रकारसम्मको सम्पर्कमा उत्तिकै ध्यान दिए ।

कटवालले सैनिक कल्याणकारी कोषलाई पारदर्शी बनाउने,[२४] मेसमा अधिकृत र जवानहरूको सामूहिक भोजन गराउने, हरेक सप्ताहन्तमा काठमाडौं बाहिरका ब्यारेक भ्रमण गर्ने, जवानहरूलाई पनि बोलाएर कुरा सुन्नेजस्ता सुधारका कामसमेत गरे । देशभरिका सैनिक कार्यालयहरूमा आफ्नो 'महावाणी' पोत्न लगाउनेजस्ता व्यक्तिवादी महत्त्वाकांक्षा पनि उनले प्रकट गरे ।[२५] सामान्य परिवारमा जन्मेका र काठमाडौंको सम्भ्रान्त वृत्तमा हुर्केका कटवालमा सदा द्वैध व्यक्तित्व देखापऱ्यो । उनले एकतिर राजालाई राजदरबारबाट निकालेर संविधानसभाको पहिलो बैठकबाट गणतन्त्रको कार्यान्वयन गराउने संवैधानिक प्रावधानलाई असहयोग गरेनन् भने अर्कोतर्फ त्यसपश्चात पनि गणतन्त्र, संघीयता, धर्मनिरपेक्षतालगायत परिवर्तनका एजेण्डाको अनौपचारिक विरोध गरिरहे । उनले संविधानसभालाई लिखित प्रतिवेदन दिंदै यस्ता मूलभूत विषयमा जनमत संग्रह गरेर मात्र टुंगो लगाउनु पर्ने सुझाव दिएका थिए, जो निकै विवादास्पद बन्यो ।[२६]

विगतमा राष्ट्रिय एकताको प्रतीक घोषणा गरिएको राजतन्त्र ध्वस्त भएपछि मुलुकको एकीकरणसँगै जन्मेको सबभन्दा पुरानो संस्था भएकाले सेनाले त्यो ठाउँ लिनुपर्ने महत्त्वाकांक्षी धारणासमेत कटवालले राखे । "नेपाली सेना प्रजातान्त्रिक पद्धतिको एउटा 'बेडरक' (आधारशीला) भएर बस्न चाहन्छ, जसको आधारमा स्थिरता र स्थायित्वले बाटो लिओस् र सबै नेपालीहरू दिनभरि आ–आफ्नो काम गरी बेलुका साग, सिस्नो र ढिंडो खाएर रातभरि शान्तिसँग सुत्न पाऊन्," उनले यस्तो भनाइ पटकपटक राखेका थिए ।[२७]

---

[२४] राष्ट्रसंघीय शान्ति मिसनमा काम गर्न गएका सिपाहीहरूको आम्दानीबाट निश्चित प्रतिशत काटेर जम्मा गरिएको यो कोष सेनाको मुख्य आर्थिक शक्ति हो, जसमा २०६६ सालमा करिब १३ अर्ब रुपियाँ मौज्दात थियो ।

[२५] सेनापति कटवालले कार्यरथी विभागमार्फत परिपत्र जारी गरेर 'नेपाली सेना सम्पूर्ण नेपाली जनताको साझा शक्ति र सम्पत्ति हो' भन्ने भनाइ लेख्न र त्यसमुन्तिर आफ्नो नाम राख्न लगाएका थिए (नागरिक २०६६) ।

[२६] सेनाले संविधानसभालाई दिएको लिखित सुझावको मुख्य अंश अनुसूची ५ मा हेर्नुहोस् ।

[२७] 'सि.सं. १४ कमाण्ड तथा स्टाफ तालिमको दीक्षान्त समारोह सम्पन्न', सैनिक जनसम्पर्क निर्देशनालयको विज्ञप्ति नं. ७३, २०६४ फागुन २९ ।

## नभएको रक्तपात

संविधानसभा निर्वाचनबाट सबभन्दा ठूलो पार्टी बनेपछि माओवादीको नेतृत्वमा नयाँ सरकार बन्यो । चुनाव जित्नासाथ पार्टी अध्यक्ष पुष्पकमल दाहालले सेनासँग सहज सम्बन्ध स्थापित गर्न सकारात्मक प्रतिक्रिया त दिए, तर त्यो धेरै दिन कायम रहेन ।[२८] माओवादी र सेनाले एकअर्कालाई दुस्मनकै रूपमा व्यवहार गरे । त्यसमाथि कटवालको अस्वाभाविक सक्रियता र सेनामा हात हाल्ने माओवादी अभीष्टले सरकार र जंगी अड्डाबीच पहिलोपटक गम्भीर विवाद छेडियो ।

सेनामा नयाँ भर्ती गर्ने कि नगर्ने, आठ सहायकरथीहरूको पदावधि थप्ने कि नथप्ने र पाँचौं राष्ट्रिय खेलकुदमा माओवादी लडाकुले खेल्न पाउने कि नपाउनेजस्ता विवादले माओवादी नेतृत्वको सरकार र सेनाबीच तिक्तता बढ्दै गयो । यी तीन विषयमा आफ्नो निर्देशन नमानेको भन्दै सरकारले स्पष्टीकरण सोधेर २०६६ वैशाख २० गते कटवाललाई सेनापतिबाट अवकाश दिने निर्णय गऱ्यो ।

सरकारले 'स्पष्टीकरणको सफाइ सन्तोषजनक नदेखिएको' भन्दै उनलाई हटाएर दोस्रो दर्जामा रहेका रथी कुलबहादुर खड्कालाई कायममुकायम प्रधानसेनापति नियुक्त गरेको थियो । खड्का संयोगवश त्यस्ता अधिकारी थिए, जो सेनाभित्र 'अवसरवादी' र राजनीतिक रूपमा 'महत्त्वाकांक्षी' भनेर चिनिन्थे । खड्काले त्यसवेला माओवादी नेतृत्वलाई आफू सेनापति भएमा गर्ने कामको सूची नै दिएका थिए : सेनापतिको सेवा अवधि ३५ र अन्यको ३० वर्ष तोक्ने, २०६६ असारभित्र माओवादी छापामारलाई सेनामा लिने, माओवादी सेनाप्रमुख नन्दकिशोर पुन 'पासाङ'लाई मेजर जनरल र अन्य माओवादी कमान्डरलाई त्यसमुनिका पद दिने, ५० प्रतिशत सैनिकलाई विकास निर्माणका काममा खटाउने आदि (शर्मा २०६६क) । २०६६ वैशाख ११ गते जंगी अड्डामा २५ जर्नेलहरू सहभागी साप्ताहिक बैठकमा केहीले नाम नलिईकनै खड्कालाई माओवादीसँग मिलेको गम्भीर आरोप लगाएका थिए (शर्मा २०६६क) ।

उक्त घटनालाई सत्ता सहयोगी नेकपा (एमाले) देखि विपक्षी काँग्रेससम्मले खड्कालाई अगाडि सारेर माओवादीले सेनामाथि नियन्त्रण जमाउन खोजेको रूपमा लिए । यद्यपि सत्तारूढ गठबन्धनमा रहेको एमालेको सुरुको भूमिका भिन्न थियो । एमाले अध्यक्ष झलनाथ खनालले प्रधानमन्त्री दाहाल र आफ्नो तर्फबाट

---

[२८] माओवादी अध्यक्षले भनेका थिए, "नेपाली सेना हाम्रै सेना हो, राष्ट्रकै सेना हो । ...लोकतान्त्रिक सरकारप्रति बफादार हुने सेनाको अभिव्यक्तिलाई सेनाभित्र ठूलै परिवर्तन मान्न सकिन्छ । त्यसको बफादारी राजासँग छ कि भन्ने विषय काल्पनिक हो" (हेर्नुहोस्, शर्मा र अर्याल २०६५) ।

सरकारमा सहभागी टोलीका अगुवा तत्कालीन उपप्रधानमन्त्री वामदेव गौतमलाई कटवालमाथि कारबाही गर्ने सहमति दिएर चीन भ्रमणमा गएका थिए । तर फर्केर आएपछि उनी कटवाललाई बर्खास्त गर्ने निर्णयको विपक्षमा उभिए । चीनका एक नेपालविज्ञ प्रोफेसर वाङ होङवेईअनुसार खनाल चीनमा छँदै भारतीय विदेशमन्त्रीले फोनबाट दबाब दिएपछि उनले निर्णय फेरेका थिए ।[२९]

खनाल स्वदेश फर्केपछि नेकपा-एमाले, काँग्रेसलगायत १८ दलले राष्ट्रपतिकहाँ निवेदन दिई कटवाललाई बर्खास्त गर्ने सरकारको निर्णय उल्टाउन आग्रह गरे । राष्ट्रपतिले दलहरूको सुझावलाई आधार बनाई सेनापति कटवाललाई सोझै पत्र लेखेर पदमा रहिरहन निर्देशन दिए, जबकि त्यस्तो कार्यकारिणी अधिकार उनीसँग थिएन । राष्ट्रपतिका सहयोगीहरूकै भनाइमा सरकारलाई छलेर गरिएको त्यो निर्णय 'संवैधानिक'भन्दा बढी 'राजनीतिक' प्रकृतिको थियो ।[३०]

सरकारले राष्ट्रपतिको निर्देशनलाई बेवास्ता गरी खड्कालाई नै जबर्जस्ती सेनाप्रमुख बनाउन चाहेको भए सेनामा विभाजन आउने र रक्तपातसमेत हुने खतरा थियो । कटवाल नेतृत्वको सैनिक संस्थापन उस्तै परे सरकारविरुद्ध कदम चाल्ने मनस्थितिमा पुगिसकेको थियो । त्यसका निम्ति सैनिक 'कू' नझल्कने किसिमबाट सकेसम्म रक्तपातहीन ढंगले 'संवैधानिक डोरीमा टेकेर' अगाडि बढ्ने योजना बनाइयो । त्यो 'डोरी' राष्ट्रपतिलाई बनाउने र २०६४ सालको बंगलादेशमा भएको विप्लवलाई मोडल मान्ने तय भएको थियो । बंगलादेशमा त्यहाँका सेनाप्रमुख मोईन अहमदले सैन्य हस्तक्षेप गरी नागरिक सरकार गठन गरी दुई वर्षपछि आमनिर्वाचनमार्फत राजनीतिक दललाई सत्ता हस्तान्तरण गरेका थिए । ती मोईन कटवालका पुराना परिचित थिए । सरकारसँग विवाद बढ्दै गएका वेला २०६५ फागुन ४-७ मा कटवालले उनलाई सुटुक्क काठमाडौं झिकाएर बंगलादेशी अनुभवबारे छलफल गरेका थिए ।[३१]

सेनाको प्रतियोजनाको खाका यस्तो थियो : प्रधानमन्त्री, विपक्षी नेता, मन्त्रीहरू, पूर्वराजा, अन्य केही नेता एवं अधिकारीहरूलाई फोन तथा भेटघाटलगायत सबैखाले सम्पर्कबाट वञ्चित गरी 'लाइन एरेस्ट' गर्ने । सिंहदरबार, बालुवाटार, वाईसीएल तथा माओवादी कार्यालय, मन्त्री निवास आदि 'सिज' गर्ने । माओवादी

---

[२९] प्राध्यापक वाङ होङवेईसँग बीबीसी नेपाली सेवाको अन्तर्वार्ता, २०६६ कात्तिक ४ गते । एमाले अध्यक्ष खनालले भने आफूलाई त्यस्तो फोन नआएको दाबी गरेका थिए ।

[३०] राष्ट्रपति कार्यालयका पदाधिकारीसँग कुराकानी, २०६६ असोज ।

[३१] नेपाली सेनाका एक उच्च अधिकारीसँग कुराकानी, २०६६ जेठ ।

लडाकुको हतियार राखिएका सबै कन्टेनरलाई घेरेर राख्ने तर शिविरमा बसेका लडाकुलाई चाहिं केही नगर्ने, बरु बाहिर निस्केर गाउँ फर्कन वा अन्यत्र जान प्रेरित गर्ने । शिविरमा रहेका राष्ट्रसंघीय अनुगमनकर्तालाई हेलिकोप्टरमा राखेर काठमाडौंस्थित मुख्यालयमा ल्याएर राख्ने आदि ।[३२]

आफ्नो गोप्य योजना अखबारबाट चुहेपछि सेनाले 'कू' हुने चर्चा निराधार रहेको भन्दै प्रस्टीकरण दियो (कान्तिपुर २०६६ख) । 'कू' को योजना बने पनि सेनाले त्यसलाई कार्यान्वयन गर्न सक्थ्यो वा सक्दैनथ्यो, त्यो प्रस्ट थिएन । तर, सैन्य प्रतियोजनाको सम्भावना तब चाहिं टऱ्यो, जब दाहालले टकराव टार्ने गरी २०६६ वैशाख २१ गते आफैंले प्रधानमन्त्री पदबाट राजीनामा दिए । सत्ता सहयोगी नेकपा-एमालेलगायतका दलको राजनीतिक समर्थन गुमाइसकेका कारण उनका निम्ति त्यो बाध्यता पनि थियो । आठ वर्षअघि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सेनासँगकै असमझदारीका कारण पद छाडेका थिए । तर त्यसबारे उनले त्यसवेला केही बताएनन् । दाहालले चाहिं 'असंवैधानिक ढंगले सिर्जना गरिएको द्वैधसत्ताको स्थिति हरहालतमा अन्त्य हुन जरुरी भएको' राजीनामामार्फत घोषणा गरे ।

२००७ सालयता राजनीतिक र सैनिक नेतृत्वबीच पटकपटक टकराव देखापरेको छ । त्यस क्रममा कोइराला र दाहालले प्रधानमन्त्री पदबाट राजीनामा दिनु पऱ्यो भने अन्य दुई प्रधानमन्त्रीहरू बीपी कोइराला २०१७ सालमा र शेरबहादुर देउवा २०५९ र २०६१ सालमा सैनिक आडको 'कू'को शिकार भए । ती सबै घटनामा सेना तत्कालीन राजतन्त्रको आदेशमा परिचालन भएको थियो । राजतन्त्रको अन्त्य भएको अवस्थामा अब यो शक्ति सरकार, राष्ट्रपति वा कसको निर्देशनमा चल्छ ? बदलिएको नेपाली राजनीतिको सन्दर्भमा यो प्रश्न पनि अगाडि आयो ।

## सरकारभन्दा राष्ट्रपतिको प्रभाव

प्रधानसेनापति प्रकरणमा राष्ट्रपतिले सरकारको निर्णय उल्टाएपछि सेनामाथि निर्णायक नियन्त्रण उनकै रहेको देखियो । यद्यपि अन्तरिम संविधान, २०६३ ले राष्ट्रपतिको भूमिकालाई 'आलंकारिक' मात्र मानेको छ; सैन्यलगायत अन्य दैनन्दिन मामिलामा सरकारकै कार्यकारी भूमिका रहने उल्लेख गरेको छ । तर, राष्ट्रपतिले सेनाको परमाधिपतिका हैसियतमा तत्कालीन सेनापति रूक्मांगद

---

[३२] सेनाको योजनाको खुलासा *कान्तिपुर* र *दी काठमान्डू पोष्टले* गरेको थियो (हेर्नुहोस्, शर्मा २०६६क) ।

कटवाललाई हटाउने सरकारको निर्णय लागु हुन दिएनन् । त्यसैले कागजी रूपमा जे लेखिए पनि गणतन्त्रको स्थापनापछि सेनाको लगाम राजाबाट राष्ट्रपतिकहाँ सरेको देखिन्छ । तथापि, सेनामाथि राष्ट्रपतिको स्थायी नियन्त्रण कायम भएको हो अथवा घटनाविशेषले गर्दा त्यस्तो देखिएको हो भन्ने बारेमा चाहिं भविष्यका घटना प्रवृत्ति हेरेर मात्र भन्न सकिनेछ ।

जहाँसम्म प्रधानसेनापति प्रकरणको कुरा छ, त्यस वेला राष्ट्रपतिले सरकारको निर्णय प्रक्रियामा हस्तक्षेप गरेका कारण सैन्य मामिलामा प्रधानमन्त्री, रक्षामन्त्री, मन्त्रिपरिषद् वा राष्ट्रिय सुरक्षा परिषद्को भूमिका प्रभावहीन वा सहायक खालको देखियो । त्यो प्रकरणपछि सेनामा सरकारको निर्णय/निर्देशन मान्न आफू बाध्य नरहेजस्तो मनोवृत्ति विकसित भयो, राजनीतिमा सेनाको भूमिका बढ्यो र त्यसले सैन्य महत्त्वाकांक्षा जगाउने जोखिमसमेत रह्यो भन्ने कतिपयको विश्लेषण छ (लाल २०६६; आईसीजी सन् २००९) ।

तत्कालीन सेनापति रूक्मांगद कटवालले २०६६ भदौमा नियमित अवकाश पाएपछि उनका उत्तराधिकारी छत्रमानसिंह गुरूङ तुलनात्मक रूपमा केही नरम देखिए । तर, कटवालले अख्तियार गरेको अनुदारवादी नीतिको प्रतिनिधित्व रक्षामन्त्री विद्या भण्डारीले गरिन् । कतिपय मामिलामा त उनी सैन्य नेतृत्वभन्दा कडा देखिइन् । माओवादी लडाकुलाई सेनामा समायोजन गर्न नहुने; सेनालाई हातहतियार खरिद, नयाँ भर्नालगायतका काम गर्न विस्तृत शान्ति सम्झौता संशोधन गर्नुपर्ने प्रस्ताव उनले अगाडि सारिन् । मानवअधिकार उल्लंघनको आरोप लागेका उपरथी तोरणजंगबहादुर सिंहको बढुवामा ढिलाइ गरिएको भन्दै रक्षामन्त्री भण्डारीले मन्त्रिपरिषद्का धेरैओटा बैठकसमेत बहिस्कार गरिन् ।[३३] यस्ता कतिपय घटनाले प्रधानमन्त्री माधवकुमार नेपाललाई पनि अप्ठेरोमा पार्‍यो ।

सेनामाथिको नियन्त्रण खुस्कन नदिन राष्ट्रपति यादव पनि चनाखो देखिए । सेनापतिका रूपमा कटवाललाई पुनःस्थापन गर्दा मात्र होइन, उनका उत्तराधिकारी गुरूङलाई नियुक्ति दिंदासमेत राष्ट्रपतिले सेनाको खास लगाम आफूमा रहेको साबित गर्न चाहे । कटवालले नियमित अवकाश पाएपछि मन्त्रिपरिषद्ले २०६६ साउन २५ गते गुरूङलाई कायममुकायम (कामु) प्रधानसेनापति नियुक्त गरेको

---

[३३] द्वन्द्वकालमा भैरवनाथ गणबाट ४९ जना नागरिक बेपत्ता पारिँदा त्यहाँ बाहिनीपति रहेका सिंहलाई सरकारले २०६६ पुस ९ गते रथीमा बढुवा गर्ने निर्णय गरे पनि सर्वोच्च अदालतले अन्तरिम आदेशमार्फत उक्त निर्णय रद्द गरेको थियो । सिंहको बढुवाप्रति अमेरिका, बेलायत र संयुक्त राष्ट्रसंघले आपत्ति जनाएका थिए ।

थियो । तर, त्यो प्रक्रियाप्रति राष्ट्रपति कार्यालयले आपत्ति जनाएकाले दुई दिनसम्म उनले नियुक्तिपत्र नै पाउन सकेनन् । सरकारले रक्षा मन्त्रालयमार्फत सैनिक मुख्यालयलाई सोझै पत्र पठाएर कामुको जिम्मेवारी दिन खोजेको थियो । तर, राष्ट्रपतिले त्यसको अनुमोदन आफूबाट हुनैपर्ने अड्डी राखेकाले दुई दिन अन्योलमा बितेको थियो । राष्ट्रपति कार्यालयले अन्तरिम संविधान, २०६३ को धारा १४४(२) मा प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने उल्लेख भएको र कामु प्रधानसेनापतिको हकमा पनि त्यही लागु हुनुपर्ने दाबी गरेको थियो ।[३४] प्रधानमन्त्री कार्यालयले राष्ट्रपतिबाट अनुमोदन गराएर मात्र गुरूङलाई पत्र पठाउन सहमति जनाएपछि विवाद अन्त्य भयो ।[३५]

यसअघि माओवादी नेतृत्वको सरकारले पनि राष्ट्रपतिबाट अनुमोदन नगराई रथी कुलबहादुर खड्कालाई सोझै पत्र थमाएर कामु प्रधानसेनापति बनाउन खोजेको थियो । गुरूङको हकमा पनि त्यही तरिका अपनाउँदा माओवादी कदम सही पुष्टि हुने भनिएपछि प्रधानमन्त्री नेपाल त्यो अधिकार राष्ट्रपतिलाई दिन सहमत भए । माओवादीको आफ्नै सेना रहेको अवस्थामा एमाले, काँग्रेसलगायतका दलहरूले नेपाली सेनालाई 'आफ्नो' ठान्नु त स्वाभाविकै थियो, तर त्यसलाई उनीहरूले आफ्नो सरकारमातहत नराखी राष्ट्रपतिको जिम्मामा छाडे, २०४६ सालपछि सेनालाई राजाकै जिम्मा लगाएजसरी । यसबाट सेनापतिको नियुक्ति, बर्खास्तगीलगायत सेनामाथि पूर्ण नियन्त्रण राष्ट्रपतिको रहन गएको देखियो ।

## छिमेकको चासो

के सेनामाथि अन्तिम नियन्त्रण राष्ट्रपतिकै छ त ? यो प्रश्नको ठोस जवाफचाहिं भावी घटनाक्रमको समीक्षापछि मात्र सम्भव छ । एउटा कुराचाहिं के प्रस्ट छ

---

[३४] अन्तरिम संविधान, २०६३ को चौथो संशोधनले राष्ट्रपतिलाई नेपाली सेनाको सर्वोच्च परमाधिपति तथा संविधानको संरक्षक तोके पनि सैनिक ऐनमा सेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने उल्लेख छ । यसै गरी ऐनमा सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन कानुनबमोजिम मन्त्रिपरिषद्ले गर्ने उल्लेख भए पनि अन्तरिम संविधानको चौथो संशोधनले यी कार्य मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने भनेको छ । संविधानसँग मेल खाने गरी पहिले सैनिक ऐन संशोधन हुनुपर्ने कुरा राष्ट्रपतिले प्रधानसेनापति प्रकरणका वेला पनि उठाएका थिए ।

[३५] प्रधानसेनापति गुरूङलाई दिइएको नियुक्तिपत्रमा भनिएको छ, "मन्त्रिपरिषद्को निर्णयबमोजिम तपाईलाई कायममुकायम प्रधानसेनापतिको कार्यभार सम्हाल्ने गरी अन्तरिम संविधानबमोजिम हुन राष्ट्रपतिसमक्ष लेखिआएकामा राष्ट्रपति कार्यालयबाट तपाईलाई कामु प्रधानसेनापति तोकिएको छ" (हेर्नुहोस्, आचार्य २०६६) ।

भने, सेनामाथि सरकारको भन्दा राष्ट्रपतिको प्रभाव वा नियन्त्रण बढी हुनुपर्छ भन्ने मान्यता नेपालको आन्तरिक मामिलामा सर्वाधिक प्रभाव राख्ने निकट छिमेकी भारतले समेत राखेको छ । खास गरी प्रधानसेनापति प्रकरणमा भारतको यस्तो दृष्टिकोण खुला रूपमा प्रकट भयो । भारतीय अधिकारीहरू नेपालमा 'माओवादी सत्ता कब्जाको खतरा' रहेको र त्यसलाई रोक्नसक्ने क्षमता भएको सेनालाई राजनीतिक दलहरूको प्रभावमा रहन दिंदा त्यसको 'राजनीतीकरण हुने' देखिएकोले सैन्य संस्था दलहरूको सरकारभन्दा राष्ट्रपतिप्रति बफादार रहनु उचित हुने तर्क गर्छन् ।[३६]

भारतले सेनासँग सोझै समन्वय राख्ने तरिका पनि अपनाएको देखिन्छ । आर्थिक सहयोग, तालिम, हतियार, गोलीगठ्ठा, अन्तर्राष्ट्रिय समर्थनलगायत थुप्रै कारणले नेपाली सेना भारत, अमेरिका, बेलायत, चीनजस्ता बाह्य मुलुकप्रति निर्भर छ । तीमध्ये सबभन्दा ठूलो सहयोगी भारत हो । त्यसैले भारतका निम्ति नेपाली संस्थापनाको सबभन्दा पुरानो एवं संगठित संरचनासँगको सम्बन्ध जति महत्त्वपूर्ण छ, भारतीय सहयोग/समर्थनप्रति नेपाली सेनाको निर्भरता उत्तिकै छ ।

नेपाल र भारतका सेनाबीच परम्परागत घनिष्टता पनि छ । दुई देशका सेनापतिलाई एकअर्काले मानार्थ जनरलको उपाधि दिने चलन छ । नेपाली सेनाप्रति भारतको राजनीतिक नेतृत्वको दृष्टिकोण वेलाबखत फेरबदल हुँदा समेत त्यहाँको सैन्य नेतृत्वले सदैव मैत्री सम्बन्ध राख्न चाहेको देखिन्छ । राजा ज्ञानेन्द्रको 'कू'पछि सैन्य सहयोग बन्द गर्ने भारत सरकारको निर्णयलाई त्यहाँको सैन्य नेतृत्वले रूचाएको थिएन । त्यसैले भारतीय सेनाको दबाब समेतले गर्दा तीन महिनापछि नै २०६२ वैशाखमा दिल्लीले सैन्य सहयोग सुचारु गर्न खोजेको थियो । तर सत्ता-सहयोगी मार्क्सवादी कम्युनिष्ट पार्टीलगायत विभिन्न क्षेत्रबाट चौतर्फी विरोध भएपछि त्यो रोकियो । भारतीय सेनाले नेपाली सेनालाई कसरी हेर्छ भन्नेबारेमा त्यस वेला एउटा भारतीय अखबारमा रोचक टिप्पणी छापिएको थियो :

> भारतीय सेनाको विचारमा नेपाललाई दिइने सैन्य सहयोगको ढिलाइले सैन्य-सैन्यबीचको आधा शताब्दी लामो सुमधुर सम्बन्धमा नकारात्मक प्रभाव पारेको छ । भारतीय सेनाको दृष्टिमा शाही नेपाली सेना नेपालको संस्थापनमा एउटा बलियो शक्तिकेन्द्र हो र

[३६] भारतका सुरक्षा अधिकारीहरूसँगको अनौपचारिक कुराकानी, नयाँ दिल्ली, २०६६ पुस ।

> भारतका असल मित्रहरू पनि उक्त सेनामा छन् । तसर्थ, शाही सेनालाई कमजोर होइन, बलियो बनाउनु पर्छ ।[३७]

२००९ सालको सैन्य पुनर्गठनमा भारतको 'मिलिटरी मिसन' संलग्न रहेकाले त्यसपछि नेपाली सेनामा लामै अवधिसम्म दिल्लीको प्रभाव कायम रह्यो । २०१७ सालपछि राजा महेन्द्रको राष्ट्रवादी अभियानसँगै सेनामा भारतीय नीतिका आलोचकहरूको वर्चस्व रह्यो, जसमध्ये थुप्रै पश्चिमा लबीसमर्थक मानिन्थे । तर राजतन्त्रको पतनसँगै नेपाली राज्यका अन्य अंगमा जस्तै सेनामा पनि भारतीय धार प्रभावशाली बन्दै गयो । जनआन्दोलन-२, गणतन्त्र घोषणा र प्रधानसेनापति प्रकरणमा भारतले जे चाह्यो सेना त्यसैअनुसार चलेको देखिनुको कारण त्यही हो ।

२०१७ पुस १, २०५९ असोज १८ र २०६१ माघ १९ का शाही 'कू'हरूमा प्रतिगमनको पक्षमा उभिएको सेनाले जनआन्दोलन-२ र गणतन्त्रको घोषणाका वेला चाहिं किन राजतन्त्रलाई साथ दिएन ? उसले जनचाहनालाई मात्र ध्यानमा राखेर त्यसो गरेको थियो भने विगतका 'कू' हरूलाई चाहिं किन साथ दिएको थियो त ? वास्तवमा नेपाली सेनाले आफ्नो संस्थापकसमेत रहेको शाहवंशीय राजतन्त्रसँग नाता तोड्नुका पछाडि बाह्य कारण पनि थिए ।

भारतीय संस्थापननिकट स्रोतका अनुसार जनआन्दोलन-२ का वेला नेपाली सेनालाई आन्दोलन दबाउने काममा प्रयोग हुन नदिन भारतीय सेना प्रमुख जेजे सिंहलाई जिम्मा दिइएको थियो । उनले टेलिफोनबाट दिएको सुझाव र आफ्ना जनरलहरूको सहमति लिएर तत्कालीन सेनापति प्यारजंग थापा २०६३ वैशाख ९ गते दरबार गई जनदमनका निम्ति सेना तयार नरहेको बताएका थिए ।[३८] सैनिक नेतृत्व त्यस्तो निचोडमा पुग्नुको कारण आन्दोलनमा देखिएको जनताको अभूतपूर्व सहभागिता र त्यसलाई बलपूर्वक दबाउन खोज्दा भविष्यमा सेनासमेत अप्ठेरोमा पर्नसक्ने सम्भावना आदिलाई दृष्टिगत गर्नुका साथै मुख्यतः भारतीय सुझावलाई आधार मानिएको थियो ।[३९] आफ्नो शक्तिको सबभन्दा भरपर्दो स्रोत रहेको सेनाले समेत साथ छाडेपछि राजा ज्ञानेन्द्र प्रतिनिधिसभा पुनःस्थापना गरेर सत्ता छाड्न बाध्य भए ।

---

[३७] भारतीय संस्थापनको धारणा अभिव्यक्त हुने भनिएको *बिजनेश स्टाण्डर्ड* (२६ अप्रिल २००५) मा प्रकाशित उक्त टिप्पणीको व्याख्याका लागि शर्मा (२०६२) हेर्नुहोस् ।

[३८] नेपाली सेनाका उच्च अधिकारीहरूसँगको कुराकानी, काठमाडौं, २०६६ फागुन ।

[३९] नेपाली सेनाका उच्च अधिकारीहरूसँगको कुराकानी, काठमाडौं, २०६६ फागुन ।

जनआन्दोलनताका जस्तै संविधानसभा निर्वाचनपछि गणतन्त्र घोषणाका वेला पनि राजाका पक्षबाट कुनै प्रतिरोध नगर्न तत्कालीन सेनापति कटवाललाई भारतीय सेनाप्रमुख दीपक कपुरमार्फत सुझाव दिइएको थियो ।[४०] सेनाले अस्ताउँदो राजतन्त्रात्मक शक्तिलाई साथ नदिनुका पछाडि 'माघ १९' को कदममा राजालाई सघाउँदा भारत, अमेरिका, बेलायतलगायत अन्तर्राष्ट्रिय समुदायले सैन्य सहयोग बन्द गरेको र त्यसबाट एकखाले 'नाकाबन्दी' को अवस्था भोग्नु परेको अनुभवले पनि काम गरेको हुनसक्छ ।

प्रधानसेनापति प्रकरणका वेला पनि सेनापति कटवालले इण्डियन मिलिटरी एकेडेमी देहरादुनका आफ्ना सहपाठी एवं भारतीय सेनाका प्रमुख दीपक कपुरबाट उल्लेख्य सहयोग पाएका थिए । कटवालका पक्षमा कपुरले त्यहाँको राजनीतिक नेतृत्वसित 'लबिङ' गरेका थिए । उनले 'नेपाली सेनामा कुनै पनि हालतमा माओवादी सेनालाई सामूहिक रूपमा सामेल गराउन हुँदैन' भनेर पछिल्लो समयमा गरेको एउटा सार्वजनिक टिप्पणी निकै विवादमा आयो (वाग्ले २०६६) ।[४१] त्यससँगै भारतले नेपाली सेनालाई दुई अर्ब रुपियाँभन्दा बढीको सहयोग दिने घोषणा गर्‍यो, जसको पहिलो खेप २०६६ माघमा नेपाल भित्रियो (अधिकारी २०६६) । यो २०६१ सालदेखि रोकिएको सहयोग खुला गरिएको सूचक थियो । यससँगै भारतले सेनाका अधिकारीहरूको उच्चस्तरीय भ्रमणको आदानप्रदानमा पनि रुचि देखायो । भारतीय सेना प्रमुख दीपक कपुर काठमाडौं आए भने नेपालबाट रूक्मांगद कटवाल र छत्रमानसिंह गुरूङले सेनापतिका रूपमा विदेश भ्रमणको सुरुआत दिल्लीबाटै गरे ।

भारतका बुद्धिजीवीहरूले भने नेपाली सेनालाई काँध थाप्ने आफ्नो सरकारको नीतिको आलोचना गरे । सेनापति कटवाललाई टिकाउन र माओवादी नेतृत्वको निर्वाचित सरकारलाई विस्थापित गर्न भूमिका खेलेर रणनीतिक भूल गरिएको टिप्पणीसमेत सार्वजनिक भए (भूषण सन् २००९, मुनी सन् २००९ र विद्वई सन् २००९) । नेपाली सेनामाथि नियन्त्रण राख्दै आएको राजतन्त्रको अन्त्य भएको र राजतन्त्रको ठाउँमा नेपालको सेनामाथि आफ्नो वर्चस्व कायम राख्न खोजेका कारण दिल्लीले आन्तरिक आलोचनाका बाबजुद त्यस्तो नीति अपनाएको हुनसक्छ ।

---

[४०] नेपाली सेनाका उच्च अधिकारीहरूसँगको कुराकानी, काठमाडौं, २०६६ फागुन ।

[४१] कपुरको भनाइ विवादमा परेपछि काठमाडौंस्थित भारतीय दूतावासले एक विज्ञप्ति जारी गरी त्यो भारत सरकारको आधिकारिक धारणा नभएको प्रस्टीकरण दिएको थियो ।

## अबको सेना

गणतान्त्रिक संरचनामा नेपाली सेना कस्तो हुनुपर्छ ? यस प्रश्नको उत्तर निम्ति सबभन्दा पहिले केही मूलभूत मुद्दाहरूमा टुंगोमा पुग्न जरूरी छ । खास गरी नेपाली सेनाको आवश्यकता र औचित्य के हो भन्ने बिन्दुबाटै बहसको थालनी हुनुपर्छ । स्थापनाकालमा यसको उद्देश्य नेपालको सीमा विस्तार गर्ने तत्कालीन शासकहरूको राजनीतिक अभियानलाई सघाउनु थियो । त्यसमा धेरै हदसम्म यो सफल भयो । तिब्बतमाथि विजय हासिल गऱ्यो भने बेलायती र चिनिया सेनालाई समेत नेपाली सेनाले आच्छु–आच्छु बनायो । तर, वि.सं. १८७२ मा ब्रिटिस इण्डियासँग सुगौली सन्धि गरेयता नेपाली सेनाले मूलतः प्रतिरक्षात्मक नीति अपनाउँदै आएको छ, जंगबहादुर राणाको प्रधानमन्त्रीत्व कालमा १९१२ सालमा तिब्बतमाथि हमला गरिएको एउटा घटनाबाहेक ।

पहिलो र दोस्रो विश्वयुद्धमा बेलायतलाई सघाएको, संयुक्त राष्ट्रसंघीय शान्ति मिसनहरूमा सहभागी भएको, मुलुकभित्र तिब्बती खम्पा विद्रोह नियन्त्रण गर्न परिचालित भएकोबाहेक नेपाली सेनाले लामो कालखण्डपछि युद्ध लडेको माओवादी विद्रोहका वेला मात्र हो । विगतमा जस्तो विस्तारवादी आकांक्षा नराख्ने, विदेशीविरूद्ध आक्रामक नीति नलिने र देशभित्र 'अन्तिम शक्ति' का रूपमा रहेको मनोवैज्ञानिक प्रभाव राखिरहने नीति यसले लिएको छ । भारत र चीन महत्त्वपूर्ण सैन्य शक्तिका रूपमा उदाइरहेको पृष्ठभूमिमा नेपाली सेनाले आफूलाई निर्णायक लडाइँ लड्नेभन्दा पनि मूलतः आन्तरिक प्रयोजनमा 'डिटरेन्स फोर्स'का रूपमा राख्न चाहेको देखिन्छ । र, छिमेकी मुलुकहरूद्वारा सिर्जित बाह्य चुनौतीभन्दा सशस्त्र राजनीति, जातिवाद, साना हतियारको बिगबिगीलगायत आन्तरिक सुरक्षा चुनौतीलाई प्राथमिक सरोकारमा राखेको छ ।[४२]

गणतन्त्रको स्थापनासँगै समग्र राज्यको पुनःसंरचनाको प्रक्रिया प्रारम्भ भएको पृष्ठभूमिमा विगतमा राजतन्त्रमातहत रहेको नेपाली सेनाको पुनःसंरचना पनि महत्त्वपूर्ण मुद्दा बनेर आएको छ । वास्तवमा सैन्य पुनःसंरचनाविना राज्यको पुनःसंरचनाको प्रक्रिया पूरा नहुने निश्चित छ । सेनाको पुनःसंरचना मूलतः यसको लोकतान्त्रीकरण र समावेशीकरण प्रक्रियासँगै कार्यान्वयन गरिनुपर्ने विषय हो । यसलाई सही किसिमले अगाडि बढाउन सकेको खण्डमा सैन्य संस्थाको व्यवसायीकरण र आधुनिकीकरण पनि सहज हुनेछ ।

---

[४२] नेपाली सेनाका पूर्व एवं बहालवाला अधिकारीहरूसँग कुराकानी, २०६६ विभिन्न मिति, काठमाडौं ।

## *लोकतान्त्रीकरण*

माथि उल्लेख गरिएझैं नेपाली सेनालाई विगतमा पटकपटक लोकतन्त्रविरूद्धका कदमहरूको माध्यम बनाइएको थियो । त्यसैले गणतन्त्र स्थापनासँगै राजनीतिक दलहरूले यसको लोकतान्त्रिक अभिमुखीकरणमा जोड दिए ।[४३] अन्तरिम संविधान, २०६३ निर्माण गरिंदा धारा १४४ मा 'नेपाली सेनाको लोकतान्त्रीकरणको विस्तृत कार्ययोजना तर्जुमा गर्ने' र त्यसको कार्यान्वयन गर्दा 'नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना र राष्ट्रिय र समावेशी चरित्र निर्माण गरी लोकतन्त्र र मानवअधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने' जनाइएको थियो ।[४४] त्यसअनुरूप २०६६ पुस ९ गते सेनाको लोकतान्त्रीकरण तथा राष्ट्रिय सुरक्षा नीतिसम्बन्धमा सुझाव दिन रक्षामन्त्री विद्या भण्डारीको संयोजकत्वमा अन्य चार मन्त्री सम्मिलित एउटा समिति गठन गरियो ।

सेनाको लोकतान्त्रीकरण वा प्रजातान्त्रीकरणको विषय आफैंमा अमूर्तजस्तो रहेकाले यसप्रति राजनीतिक दल, नेता एवं सैनिक अधिकारीहरूको बुझाइमा एकरूपता छैन । उदाहरणका निम्ति पूर्वरक्षामन्त्री र पूर्वसेनापतिका निम्न भनाइलाई लिन सकिन्छ ।

पूर्वरक्षामन्त्री एवं माओवादी नेता रामबहादुर थापाले भनेका छन् :

> सेनाको लोकतान्त्रीकरण भनेको सेना जनताप्रति जवाफदेही हुने, जनप्रतिनिधिहरूप्रति जवाफदेही हुने भनेको हो । हिजो सेना दरबारप्रति वा एउटा वर्ग र गुटप्रति निष्ठावान् हुन्थ्यो । अब जनता, राष्ट्र र जनप्रतिनिधिहरूप्रति सेनालाई निष्ठावान् बनाउनु नै लोकतान्त्रीकरणको अर्थ हो (थापा 'बादल' २०६५) ।

पूर्वसेनापति रूक्मांगद कटवालको भनाइ चाहिं यस्तो छ :

> नेपाली सेनाको प्रजातान्त्रीकरण भनेको सबैभन्दा पहिला लेजिटिमेट गभर्मेन्ट सुप्रिमेसी हो । अनि राजनीतिबाट अलग्गै रहने, जुनसुकै अवस्थामा पनि चेन अफ कमाण्ड फलो गर्ने, अनुशासित, पेसागत, समावेशी, पारदर्शी; त्यही नै हो नेपाली सेनाको प्रजातान्त्रीकरण भनेको । ...नेपाली सेनामा एउटा रोलकल परेड भन्ने हुन्छ । त्यहाँ हरेक मान्छेले पनि जुनसुकै तहको अधिकृतलाई प्रश्न सोध्न सक्छ, ...अनि त्यहाँ जवाफ दिनु पर्दछ ।

---

[४३] सेनाको लोकतान्त्रीकरणका विविध विश्लेषणका लागि यसै पुस्तकमा रहेको दीपकप्रकाश भट्टको लेख हेर्नुहोस् ।

[४४] यस्तै प्रतिबद्धता विस्तृत शान्ति सम्झौतामा पनि जनाइएको थियो ।

> एउटा सानो समारोहलाई पनि बोर्ड बसी नियम, कानुन, योग्यता र क्षमता हेर्नुपर्छ । दशैंतिहार र माघे सङ्क्रान्तिमा हामी भोज खान्छौं, आफ्नै पैसा उठाएर, त्यसमा पनि बोर्ड बस्छ, त्यहाँ पनि हाम्रा स-साना तल्लो तहका सिपाही भाइहरूले भन्छन्- होइन साब पुलाउ त खानुपर्छ नि, पुलाउ भन्या पुलाउ नै हो । यहाँभन्दा प्रजातान्त्रीकरण यो सेनामा के चाहियो ?[४५]

सेनाको लोकतान्त्रीकरणका सम्बन्धमा राजनीतिक र सैन्य नेतृत्वको बुझाइमा ठूलो अन्तर छ । यसबारे राजनीतिक दलहरूबीच मतैक्य छैन । सेनाभित्र विगतमा 'लोकतान्त्रीकरण' वा 'प्रजातान्त्रीकरण' जस्ता शब्दावलीलाई समेत नकारात्मक रूपमा लिने गरिन्थ्यो । तर, गणतन्त्र स्थापनापछिका दोस्रा सेनापति छत्रमानसिंह गुरूङले भने यो मुद्दालाई प्राथमिकता दिए । उनले सेनापति बन्नासाथ २०६६ असोजमा 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा नागरिक-सैन्य सम्बन्धको विकास' शीर्षकमा सैनिक मुख्यालयमा दुई दिने सेमिनार नै आयोजना गरे । त्यहाँ 'सेनाको लोकतान्त्रीकरण', 'नागरिक सर्वोच्चता'जस्ता नेपाली सेनाले सामान्यतया नरुच्याउने भन्ने ठानिएका विषयमा सेनाका आलोचकका रूपमा चिनिएका व्यक्तिहरूलाई समेत कार्यपत्र प्रस्तोता र वक्ताका रूपमा बोलाएर अन्तरक्रिया गरियो (एसीएसए सन् २००९) । नेपाली सेनाले आफू लोकतान्त्रिक रूपान्तरणका पक्षमा रहेको जनाउ दियो ।

सेनाको लोकतान्त्रीकरणको चुरो पक्ष भनेको सैन्य अंगमाथि नागरिक वा लोकतान्त्रिक नियन्त्रणको सुनिश्चितता हो । हाम्रो सन्दर्भमा लोकतान्त्रिक नियन्त्रणको प्रथम सर्त हो- सेनामाथि द्वैध नियन्त्रणको अन्त्य, जुन अवस्था २०६६ सालमा सेना-सरकार विवादका वेला पुनः देखियो । संविधानतः सेनामाथि सरकारको 'कमाण्ड' भए पनि व्यावहारिक रूपमा राष्ट्रप्रमुख हाबी हुन पुगे । २०४६ सालपछि पनि यस्तै भएको थियो- सिद्धान्ततः सेना सरकारमातहत थियो तर वास्तविक नियन्त्रण तत्कालीन राजदरबारको थियो, जसले गर्दा राज्य सञ्चालनको मूल पक्ष असन्तुलनको शिकार भयो ।

सेनामाथि स्पष्टतः नागरिक सरकारको नियन्त्रण हुनुपर्छ । राष्ट्रपति सेनाको आलंकारिक परमाधिपतिका रूपमा मात्र रहनुपर्छ । जसरी राष्ट्रप्रमुख भए पनि राजनीतिक क्षेत्रमा राष्ट्रपतिको कार्यकारी अधिकार हुन्न, त्यसै गरी सेनाको

[४५] प्रधानसेनापति रूक्मांगद कटवालले सि.सं. १४ कमाण्ड तथा स्टाफ कलेजको दीक्षान्त समारोहमा दिएको मन्तव्य, २०६४ फागुन ।

परमाधिपति भए पनि सेनाको दैनन्दिन कार्यमा उनको भूमिका हुनुहुन्न । यस सम्बन्धमा अन्तरिम संविधान, २०६३ को प्रयोग विवादित भएकाले संविधानसभाले बनाउने नयाँ संविधानमा यसबारे स्पष्ट प्रावधान राखिनुपर्छ । सेना सोभै सरकार र निर्वाचित निकायमातहत रहने प्रस्ट व्यवस्था गरिनुपर्छ । तर, प्रहरी वा अन्य सरकारी निकायमा जसरी सरुवा, बढुवालगायतका विषयमा समेत राजनीतिक हस्तक्षेप गर्ने गल्ती दोहोऱ्याइनु हुन्न, बृहत् नागरिक नियन्त्रण मात्र कायम गर्नुपर्छ । यसो हुन सकेको खण्डमा मात्र नेपाली सेनाको वास्तविक लोकतान्त्रीकरण हुनसक्छ ।

***समावेशीकरण***

लोकतान्त्रीकरणका पक्षमा सेनामा उल्लेख्य काम नभए पनि समावेशीकरणका सन्दर्भमा भने परिणामसमेत देखिने गरी केही उपलब्धि हासिल भएका छन् । सेनाको सबै तहमा सबै जातजातिले पहुँच पाउने, कसैले काखापाखा हुनुपरेको महसुस नगर्ने र त्यससँगै सैन्य संस्थाले राष्ट्रिय स्वरूप पाउने विषयसँग समावेशीकरणको मुद्दा जोडिएको छ । मूलतः नेपाली सेनाको नेतृत्व विगतमा काठमाडौंका केही सम्भ्रान्तहरूको हातमा सीमित रहेको पृष्ठभूमिमा यो विषय मुखरित भएको हो ।

पृथ्वीनारायण शाहले 'पाण्डेहरू (काजी परिवार) को ढाल र बस्न्यातहरू (सेनापति परिवार) को तरबार'का भरमा नेपाल एकीकरण गरेको उल्लेख गरेका थिए (आचार्य र योगी २०६१) । उनले एकीकृत नेपाललाई 'सबै जातजातिको फुलबारी' भने पनि राज्य सञ्चालनको तहमा त्यो यथार्थ थिएन । मुलुकको शासनसत्तामा एकाध भारदार र सम्भ्रान्त परिवारको प्रभुत्व रहँदै आयो र सैन्य अंग त उनीहरूको पेवाजस्तै बन्यो । १०४ वर्षे राणा शासनका वेला सेना उनीहरूकै पूर्ण नियन्त्रणमा रह्यो । २०६७ सालसम्ममा भएका ४० सेनापतिमध्ये राणा थरका २६, थापा र पाँडे ४/४, शाह र बस्न्यात २/२, कटवाल र गुरूङ १/१ देखिन्छन् (हेर्नुहोस् अनुसूची २) । यीमध्ये काठमाडौं बाहिरको गैर-सम्भ्रान्त पृष्ठभूमिका रूक्मांगद कटवाल र छत्रमानसिंह गुरूङ जनआन्दोलन-२ पछि मात्र सेनाप्रमुख बनेका हुन् ।

नेपाली सेनामा जनजाति समुदायको ठूलो सहभागिता छ तर यसको प्रमुख बन्ने अवसर गणतन्त्र स्थापनापछि मात्र गुरूङले पाएका हुन् । नेपालको सैन्य संरचना कति समावेशी छ भनेर हेर्ने आधार यसमा रहेको जातीय प्रतिनिधित्व हो । नेपाली सेनामा सबभन्दा बढी क्षेत्री (४१.८५%) छन् भने त्यसपछि क्रमशः

बाहुन (९.९५%), मगर (९.६३%), नेवार (६.६२%), तामाङ (५.९८%), ठकुरी (३.७२%), गुरूङ (३.३८%), कामी (२.६९%), राई (२.८३%), दमाई/डोली/गन्धर्व (२.११%), लिम्बू (१.०५%), सार्की (१.०४%), सन्यासी (१.०२%) लगायतको सहभागिता छ ।[४६]

पछिल्लो अवधिमा सेनामा मगर, तामाङ, गुरूङ, राई, लिम्बूजस्ता जनजाति समुदायको सहभागिता उल्लेख्य देखिन्छ भने उपल्लो तहमा पनि शाह, राणा, ठकुरीको संख्या घट्दै गएको छ । कुनै वेला जोखिमरहित जागिर भएकाले सेनाको अधिकृत तहमा सहरिया सम्भ्रान्तहरू निकै भर्ना हुन्थे । तर सेना माओवादीसँगको लडाइँमा सामेल भएपछि सम्भ्रान्त वर्गका युवाहरूको भर्ती न्यून हुँदै गयो । त्यसले गर्दा अन्य समुदायको सेनामा संख्या बढ्दै गयो भने राज्यका सबै अंगलाई समावेशी बनाउने राजनीतिक दलहरूको नीति पनि यसमा सहायक बन्यो ।

सरकारले 'नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न र समावेशी बनाउन मधेसीलगायत अन्य समुदायको समानुपातिक, समावेशी र समूहगत प्रवेशलाई सुनिश्चित गर्ने' प्रतिबद्धता पनि जनाएको छ ।[४७] यद्यपि, सैनिक अधिकारीहरू भने आफ्नो संस्था पहिल्यैदेखि समावेशी चरित्रको भएको बताउँछन् । विगतमा सेनाले मगर, गुरूङ, तामाङ, किराँत/लिम्बू र मधेसी समुदायका निम्ति आरक्षण सुरक्षित राख्ने गरेको थियो । सेनामा मगर जातिका लागि छुट्टै पुरानो गोरख गण र गुरूङहरूका लागि कालीबहादुर गण थियो/छ । पछिल्लो समयमा मधेसी मूलका नागरिकका निम्ति ८५० संख्याको एउटा छुट्टै नयाँ सबुज गण जलेश्वरमा खडा गरियो भने किराँत र उच्च हिमाली क्षेत्रका जातजातिलाई समेट्न धनकुटाको हिलेमा रिपुमर्दिनी गण स्थापना गरियो ।

यसबीच सेनामा सचेत ढंगले महिला भर्ना पनि बढाइयो । सेनामा महिला प्रवेश २०१७ सालबाटै भए पनि त्यो प्राविधिक क्षेत्रमा सीमित थियो । २०६० सालबाट चाहिं अन्य क्षेत्रमा समेत भर्ना लिन थालियो । सेनाले जम्मा संख्याको कम्तीमा ५ प्रतिशत महिला जनशक्ति पुऱ्याउने लक्ष्य लिएको छ, जुन संख्या २०६६ सालमा १,०७० थियो (नेपालीज आर्मी सन २००८बी) । माओवादी युद्धमा महिला छापामारको

---

[४६] नेपाली सेनाको जातीय स्वरूपबारे नेपाली सेनाको वेबसाइटमा २०६५ साउनसम्मको तथ्यांक उपलब्ध छ (नेपालीज आर्मी सन् २००८ए) । नेपाली सेनाको जातीय आयामबारे गरिएको विश्लेषणका लागि हेर्नुहोस् (भट्ट २०६५) ।

[४७] सरकारले २०६४ सालमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासँग गरेको आठ बुँदे सम्झौताको एक अंश ।

उल्लेख्य संलग्नता हुन थालेपछि सेनाले महिला सिपाहीको आवश्यकता महसुस गरेको हो ।

नेपाली सेनाले धार्मिक पक्षलाई चाहिं समयानुकूल परिवर्तन गर्न सकेको छैन । सेनाका इकाइहरूका प्रतीक, निशाना र गणहरू सबै हिन्दू शक्तिपीठका आधारमा स्थापना गरिएका छन् । ब्यारेकमा हिन्दूबाहेक अन्य धर्मावलम्बीहरूका निम्ति प्रायः कुनै व्यवस्था छैन । सैनिक सेवामा जुनसुकै तहमा प्रवेश गर्दा वा जुनै धर्मावलम्बी भए पनि सपथ लिँदा हिन्दू देवी-देउताको भाकल गर्ने चलन छ (भट्ट २०६५) । मुलुक धर्मनिरपेक्ष भइसकेको र सेनामा अन्य धर्मका अनुयायीसमेत रहेका कारण तद्अनुरूप व्यवस्था मिलाउनुपर्ने देखिन्छ । त्यसो भएमा समावेशीकरणको यो पक्ष पूरा हुनेछ । तर सेनाको उच्च तहमा धर्मनिरपेक्षताका सवालमा जनमत संग्रह गर्नुपर्ने गहिरो मान्यता छ, जसको अर्थ हिन्दू राष्ट्रको पुरानो अवधारणा कायमै रहोस् भन्ने हो ।[४८]

सेनाभित्रको समावेशीकरण राज्यको पुनःसंरचनाको एउटा मुख्य पक्ष हो । परिस्थितिजन्य कारणले र विचार पुऱ्याएरै पनि पछिल्लो अवधिमा सेनामा समावेशीकरण हुँदै गएको देखिन्छ । राजनीतिक र सैनिक नेतृत्व दुवैतर्फबाट यसको आवश्यकता महसुस गरिएकाले समावेशीकरणको प्रक्रियालाई तद्अनुरूप अगाडि बढाउन अप्ठेरो पनि छैन । यो प्रक्रियाले पूर्णता पाएपछि नेपाली सेना राष्ट्रिय स्वरूपको मात्र बन्ने छैन, वास्तविक अर्थमा राष्ट्रिय सेना हुनेछ ।

## *पुनःसंरचना*

नेपाली सेनाको संरचना मुख्यतः पृथ्वीनारायण शाहले खडा गरेको र समयक्रममा विभिन्न व्यवस्था र शासकहरूका पालामा परिमार्जन हुँदै जाँदा निर्माण भएको हो । जनआन्दोलन-२ पश्चात् मुलुकको सत्ता र राज्य संरचना परिवर्तन भएको छ । राजतन्त्रबाट गणतन्त्र, हिन्दू राष्ट्रबाट धर्मनिरपेक्ष, एकात्मकबाट संघीय प्रणाली मुलुकले अंगीकार गरेको छ । यस्ता मूलभूत परिवर्तनलाई नेपाली सेनाले आत्मसात् गरेर आफूलाई त्यसैअनुरूप रूपान्तरण गर्नुपर्ने वा गराउनुपर्ने हुन्छ, जसलाई समग्रमा सेनाको पुनःसंरचना भन्न सकिन्छ ।

---

[४८] एक उच्च सैन्य अधिकारीसँग कुराकानी, २०६६ चैत २३, काठमाडौं । नेपाली सेनाले २०६५ सालमा संविधानसभामा बुझाएको लिखित सुझावमा पनि धर्मका सम्बन्धमा जनमत संग्रह हुनुपर्ने माग गरेको थियो । हेर्नुहोस् सुझावका मुख्य अंश यसै पुस्तकको अनुसूची ५ मा ।

नेपाली सेनाको पुनःसंरचनासँग जोडिएको एउटा महत्त्वपूर्ण पक्ष भनेको संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन) बाट प्रमाणित र अन्तरिम संविधान, २०६३ बाट वैधानिकताप्राप्त करिब १९ हजार माओवादी सेनाका लडाकुको समायोजन तथा पुनःस्थापना हो । यसलाई टुंगोमा पुऱ्याउने जिम्मा 'माओवादी सेनाका लडाकुको रेखदेख, समायोजन र पुनःस्थापना गर्न गठित विशेष समिति'लाई दिइएको छ, जसमा मुख्य राजनीतिक दलहरू सहभागी छन् । प्रधानमन्त्री संयोजक रहेको विशेष समितिले दलीय प्रतिनिधित्वसमेत हुने गरी विशेषज्ञहरू सम्मिलित प्राविधिक उपसमिति पनि बनाएको छ ।

सेना समायोजनलाई लिएर राजनीतिक दलहरूबीच व्यापक मतभिन्नता रहेकाले विशेष समितिले यो विषयलाई २०६७ सालको मध्यमा आइपुग्दा पनि टुंगोमा पुऱ्याउन सकेको छैन । समितिका अध्यक्ष एवं प्रधानमन्त्री माधवकुमार नेपालले मध्यमार्गी बाटो लिई केही हजार लडाकुलाई सेनामा समायोजन गर्ने, बाँकीलाई अन्य सुरक्षा निकायमा पठाउने वा समाजमा पुनःस्थापना गर्ने धारणा राखेका थिए ।[४९] तर त्यस मामिलामा उनीबाटै वेलाबखत विरोधाभासयुक्त धारणा आउने गरेको र शान्ति प्रक्रियासँग जोडिएको अर्को पक्ष माओवादीलाई सहमतिमा ल्याउन नसकेका कारण छापामार व्यवस्थापनको कामले आकार लिन नसकेको हो ।

नेपाल सरकारकै रक्षामन्त्री विद्यादेवी भण्डारीले चाहिं माओवादी लडाकुको नेपाली सेनामा समायोजन हुन नसक्ने, उनीहरूको व्यवस्थापन मात्र हुनसक्ने धारणा पटकपटक राखिन् (सापकोटा र नेपाल २०६६) । उनले रक्षा मन्त्रालयका तर्फबाट संसदमा पेस गरेको एक प्रतिवेदनमा भनिएको छ, "नयाँ संविधानअनुसार हुने आमनिर्वाचनपश्चात् गठन हुने सरकारले तत्कालीन सुरक्षा वातावरण, राष्ट्रिय सुरक्षा नीति तथा देशको आर्थिक स्थितिलाई दृष्टिगत गरेर मात्र नेपाली सेनाको पुनःसंरचना गर्नु व्यावहारिक तथा राष्ट्रिय हितअनुकूल हुने देखिन्छ ।"[५०]

माओवादीले चाहिं सेनाको पुनःसंरचनालाई आफ्ना लडाकुको व्यवस्थापन प्रक्रियासँगै गाँसेर हेरेको देखिन्छ । तर २०६७ को मध्यसम्म आइपुग्दा लडाकु व्यवस्थापन कार्य संख्याको विवादमा अल्झिन पुग्यो । काँग्रेस, एमालेलगायत दलले समायोजन हुन चाहने लडाकुको संख्या माओवादीले पहिले सार्वजनिक गर्नुपर्ने अडान राखे भने माओवादीले चाहिं शिविरमै गएर लडाकुलाई सोधेर मात्र

[४९] प्रधानमन्त्री कार्यालयका एक उच्च पदाधिकारीसँग अनौपचारिक कुराकानी, २०६६ माघ ।

[५०] 'व्यवस्थापिका-संसद राज्य व्यवस्था समितिको मिति २०६६ आश्विन २१ गतेको बैठकमा प्रस्तुत गरिएको रक्षा मन्त्रालय र नेपाली सेनासम्बन्धी प्रतिवेदन', रक्षा मन्त्रालय, पृ. ४-५ ।

त्यस्तो संख्या निर्धारण गर्न सकिने बतायो । यसले गर्दा यो प्रक्रिया लामो समयसम्म अलमलमा पऱ्यो ।

माओवादीले राजनीतिमा फर्कन वा समाजमा पुनःस्थापन हुन चाहने लडाकुलाई छुट्ट्याई सकेपछि बाँकी रहेकालाई समायोजन गर्न तीनओटा प्रस्ताव अगाडि सारेको छ :

- उनीहरूलाई समेटी अलग नयाँ फोर्स बनाउने, वा
- समायोजन गर्नुपर्ने लडाकुको संख्या बराबर नेपाली सेना र प्रहरीबाट लिने वा नयाँ भर्ती गरेर नयाँ फोर्स निर्माण गर्ने, वा
- नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीमा समूहगत ढंगले समायोजन गर्ने (पुन २०६७ : २१-२२) ।

उल्लिखित तीन विकल्पमध्ये माओवादीको जोड चाहिं आफ्ना लडाकु समावेश गरी नयाँ सुरक्षा निकाय गठन गर्नेतर्फ छ । त्यसो नभएमा पनि लडाकुको समायोजन सेनामै मात्र हुनुपर्छ भन्ने पूर्व अडानबाट चाहिं माओवादी पछाडि सरेको देखिन्छ । तर सेना वा प्रहरी जहाँ भए पनि समूहगत समायोजन हुनुपर्ने माओवादी प्रस्ताव भने नेपाली सेनाका निम्ति पनि स्वीकार्य देखिन्न ।

नेपाली सेनाले 'बृहत् राजनीतिक सहमतिपश्चात् व्यक्तिगत हैसियतमा स्थापित मापदण्ड पूरा गरेकालाई समायोजन गर्न सकिने तर समूहगत रूपमा भने समायोजन नगराइने' धारणा अगाडि सारेको छ ।[५१] त्यसका लागि प्रत्येक लडाकुलाई डर, त्रास, धम्की र दबाबरहित वातावरण सिर्जना गरी उनीहरूको व्यक्तिगत इच्छा सोध्नुपर्ने र उनीहरूलाई उपलब्ध सम्पूर्ण विकल्पबारे पनि जानकारी गराउनु पर्नेमा सेनाले जोड दिएको छ । त्यस्ता विकल्पमा आर्थिक प्याकेजसहित समाजमा पुनःस्थापना, व्यावसायिक तालिम, वैदेशिक रोजगार, शिक्षा आर्जन गर्ने अवसर, फरेस्ट गार्ड, नयाँ अवधारणाअनुरूप सीमा सुरक्षा गार्ड, भन्सार सुरक्षा, औद्योगिक सुरक्षा आदिमा जाने अवसरहरू हुन सक्ने उसको प्रस्ताव छ ।[५२] उसले सुरक्षा फौजमै समायोजन हुन चाहनेलाई जनपद प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, सशस्त्र प्रहरी बल आदिमा अवसर दिन सकिने भन्दै सेनामा प्रवेशलाई अन्तिम विकल्पका रूपमा राखेको छ ।

---

[५१] 'सैनिक जनसम्पर्क निर्देशनालयको विज्ञप्ति', विज्ञप्ति नं. ७७, २०६६ फागुन २८ ।
[५२] 'सैनिक जनसम्पर्क निर्देशनालयको विज्ञप्ति', विज्ञप्ति नं. ७७, २०६६ फागुन २८ ।

माओवादी छापामारको व्यवस्थापनसम्बन्धी काम नसकुञ्जेल शान्ति प्रक्रियाको अन्त्य नहुने र शान्ति प्रक्रिया जारी रहुञ्जेल नेपाली सेना हात-खुट्टा बाँधिने अवस्थामा रहन्छ । विस्तृत शान्ति सम्झौताले बन्देज लगाएको हुनाले सेनाले २०६३ सालदेखि औपचारिक रूपमा ब्यारेकबाहिर निस्कन, हातहतियार, गोलीगठ्ठा आदि किन्न, वैदेशिक सैनिक सहायता र थप भर्ना लिन पाएको छैन । सैनिक अधिकारीहरू यस्तो अवस्थाको चाँडो अन्त्य होस् भन्ने चाहन्छन् । त्यसका लागि छापामार व्यवस्थापन यथाशीघ्र हुन आवश्यक छ । छापामार शिविरमा रहेको युवा जनशक्तिको सदुपयोग एवं मुलुकको संक्रमणकालीन जटिलता हटाउन पनि समायोजन एवं पुनःस्थापना कार्य चाँडो हुनुपर्ने अवस्था छ ।

समायोजनसँगै जोडिएको अर्को महत्त्वपूर्ण पक्ष भनेको सेनाको समग्र पुनःसंरचनाको विषय हो । नेपाली सेनालाई कस्तो आकारमा राख्ने ? सैन्य संख्या कति रहने ? मुलुक संघीय प्रणालीमा जाँदा सेनालाई कस्तो स्वरूप दिने ? यस्ता मूलभूत प्रश्नको जवाफ खोजेर मात्र सैन्य अंगको पुनःसंरचनालाई अगाडि बढाउन उपयुक्त हुन्छ । माओवादीले नियमित सेना सानो राख्ने तर अनिवार्य सैन्य सेवा लागु गरेर जनतामा आधारित बृहत् मिलिसिया शक्ति बनाउने नीति लिएको देखिन्छ ।[५३] अन्य दुई ठूला दल काँग्रेस र एमालेले चाहिं नेपाली सेनाको वर्तमान संरचनालाई नै बढी लोकतान्त्रिक बनाउनुपर्ने धारणा राख्दै आएका छन् ।

माओवादीसँग करिब चार वर्ष लड्ने क्रममा नेपाली सेनाको आकार दोब्बर ठूलो हुन पुगेको थियो । त्यससँगै यसको बजेट वृद्धि भइरह्यो, जुन शान्ति प्रक्रिया सुरु भएपछि पनि कायमै छ । आर्थिक वर्ष २०४७-४८ मा नेपाली सेनाको बजेट एक अर्ब १० करोड रुपियाँ मात्र थियो । माओवादीसँग लड्न ब्यारेकबाट निस्केपछि २०५८-५९ मा सेनाका निम्ति पाँच अर्ब ८५ करोड छुट्ट्याइयो । २०६२-६३ मा यो बजेट दोब्बर (१० अर्ब २५ करोड) भयो भने २०६५-६६ मा १३ अर्ब ३० करोड र २०६६-६७ मा १५ अर्ब ६० करोड पुग्यो ।[५४] नेपाली

---

[५३] माओवादी अध्यक्ष पुष्पकमल दाहालले भनेका थिए, "नेपालको जस्तो भूराजनीतिक अवस्था भएको देशमा रेगुलर आर्मी बनाएर सैनिक बजेट बढाउँदै लगेर हुँदैन । नेपालको सेनाले कसैसँग लडेर फौजी रूपमा जित्ने स्थिति छैन । रेगुलर आर्मी बनाएर, मिसाइल र रकेटको विकास गरेर लड्ने स्थिति छैन । त्यो अवस्थामा रेगुलर आर्मी जनताका निम्ति बोझ मात्रै हो । आमजनताको शस्त्रीकरण नै यसको विकल्प हो । त्यसका लागि जनतालाई न्यूनतम सैनिक तालिम दिनुपर्छ । देशका लागि आवश्यक पर्दा सम्पूर्ण जनतालाई नै सैनिक शक्तिको रूपमा परिणत गर्दा नै वास्तवमा देशको पनि रक्षा हुनसक्छ" (ढुंगेल २०६३ : २७) ।

[५४] व्यवहारमा सेनाको खर्च छुट्ट्याइएभन्दा बढी भएको हुनसक्छ । रक्षा मन्त्रालयका निम्ति विनियोजितबाहेक अन्य मन्त्रालय एवं शीर्षकबाट पनि सेनालाई अप्रत्यक्ष बजेट जाने गर्छ ।

सेनाका लागि विनियोजन गरिएको पछिल्लो बजेट जनतालाई बिजुली उपलब्ध गराउन छुट्ट्याइएभन्दा बढी र झण्डै स्वास्थ्य बजेट (१८ अर्ब ५० करोड) को बराबर एवं कृषि तथा सिँचाइ दुवैका लागि छुट्ट्याइएको रकम जति नै छ (आईसीजी सन् २००९) ।

सेनाले आर्थिक वर्ष २०६७–६८ का लागि ६ अर्ब ६३ करोड रुपियाँ बराबरको बजेट थप्न प्रस्ताव गरेको थियो । अघिल्लो वर्षभन्दा ४४ प्रतिशत बढी यो रकमअनुसार सैन्य बजेट बढेमा त्यो २१ अर्ब ६३ करोडजति पुग्नेछ (बानियाँ २०६६) । युद्धविराम भएको द्वन्द्वोत्तर कालमा पनि सेनाको आकार र बजेट बढाउँदै लैजानुले मुलुकमा पुनः लडाइँ हुनसक्ने खतरातर्फ संकेत गर्ने एक विदेशी संस्थाको बुझाइ छ (आईसीजी सन् २००९) । ब्यारेकको पूर्वाधार निर्माण, विभिन्न सामग्रीको खरिद एवं जनशक्तिमा हुने खर्चका निम्ति सेनालाई बजेट बढी आवश्यक भएको सम्बन्धित अधिकारीहरूको भनाइ छ । युद्धकालमा भौतिक पूर्वाधारलाई ख्याल नगरी सैन्य संख्या ह्वात्तै बढाइएका कारण पनि यस्तो हुन गएको हो ।

माओवादी द्वन्द्वका वेला सेनाको दरबन्दी ५४ हजारबाट बढाएर ९२ हजार ७ सय ५३ पुऱ्याइएको थियो । त्यसै समयमा अर्धसैन्य दस्ताका रूपमा सशस्त्र प्रहरी बलसमेत गठन गरियो । प्रश्न उठ्छ, शान्तिकालमा हामीलाई कत्रो सैन्य शक्ति चाहिन्छ ? नेपाली काँग्रेसका नेता एवं चिन्तक नरहरि आचार्य सैन्य संख्या कटौती गरिनुपर्ने तर्क गर्छन् । उपाय सुझाउँदै उनी लेख्छन् :

> नेपाली सेनाको संख्या करिब एक लाखको हाराहारीमा पुग्न खोज्दै छ । गएको दस वर्षमा दोब्बरभन्दा बढी वृद्धि भएकैले अन्तरिम संविधानले सेनाको उपयुक्त संख्या निर्धारण गर्ने संवैधानिक प्रतिबद्धता प्रकट गरेको हुनुपर्छ । तसर्थ पहिलो चरणमा सेनाबाट अवकाश पाउने संख्यालाई समेत हेरी निश्चित अवधिमा सेनाको संख्यालाई ५० हजार कायम गर्ने कार्ययोजना बनाउने । यसो गर्दा प्रत्येक वर्ष अवकाश पाउने वा खाली हुने संख्यामध्ये ५० प्रतिशतमा मात्रै नयाँ भर्ना गर्ने, भर्ना हुने संख्यालाई १०० प्रतिशत मानी आरक्षणको व्यवस्थाबमोजिम समावेशी ढाँचामा भर्ना लिने, पाँच वर्षसम्म संख्या कटौतीबाट बचत हुन आएको रकम सेनाको गुणस्तर वृद्धिमा खर्च गर्ने (आचार्य २०६६ : १६४) ।

आचार्यले इंगित गरेजस्तै नेपाल जस्तो सानो अर्थतन्त्र भएको मुलुकले आवश्यक पूर्वाधारसमेत उपलब्ध गराउन नसकिने ठूलो, भद्दा र अदक्ष सेना राखेर अनावश्यक व्ययभार बेहोर्नु बुद्धिमानी होइन । हामीलाई सानो, छरितो र दक्ष सेनाको खाँचो छ । सैन्य संख्या र रक्षा बजेट बढाएर मात्र मुलुकको राष्ट्रिय

सुरक्षा सुनिश्चित हुँदैन । यो तथ्यलाई केन्द्रमा राखेर नेपाली सेनाको भौतिक रूपान्तरण वा पुनःसंरचना गरिनुपर्छ ।

नेपाली सेनाका सन्दर्भमा ध्यान दिनुपर्ने अर्को पक्ष भनेको यसको मनोवैज्ञानिक रूपान्तरण हो । हिजो यो सेनाको स्थापना र हुर्काइ-बढाइ राजतन्त्रात्मक संरचनामा भएको थियो । अब गणतान्त्रिक प्रणालीमा यसको शैली र स्वरूप कस्तो हुनुपर्छ ? नेपाली राज्यको भावी चरित्र निर्माण र लोकतान्त्रिक भविष्यसँग यो प्रश्न गाँसिएको छ ।

नेपाली सेनाको लोकतान्त्रीकरण, समावेशीकरण र पुनःसंरचनाका प्रक्रिया पूरा भइसकेपछि मात्र यसको रूपान्तरण सम्भव हुन्छ । मुलुकको यो अन्तिम सुरक्षा अंगलाई कसरी अगाडि बढाउने, यसका मुख्य उद्देश्य के-कस्तो रहने भन्ने सन्दर्भमा निर्देशित गर्न एउटा सर्वसम्मत राष्ट्रिय सुरक्षा नीति बनाउन आवश्यक छ । तर हाम्रो सन्दर्भमा यस्तो नीति नै बनेको छैन । त्यसैले पहिलो आवश्यकता भनेको राष्ट्रिय सुरक्षा नीतिको निर्माण हो जसका आधारमा प्रतिरक्षा नीतिसमेत तर्जुमा गर्न सकियोस् ।[५५]

## यस पुस्तकबारे

प्रस्तुत पुस्तक माथि उल्लिखित मुद्दाहरूको चिरफार र विश्लेषणमा केन्द्रित छ । खास गरी नेपालको लोकतान्त्रिक भविष्यका निम्ति नेपाली सेनामाथि नागरिक नियन्त्रणको प्रश्न किन महत्त्वपूर्ण छ र विगतमा त्यसतर्फ पर्याप्त ध्यान नदिंदा के-कस्ता दुष्परिणाम निस्किए भन्ने मूल विषयको सेरोफेरोमा पुस्तक घुमेको छ । यसमा संकलित १३ ओटा सामग्रीमध्ये चारओटा विभिन्न माध्यमबाट पुनःमुद्रित गरिएका हुन् भने बाँकी नौओटा यसै पुस्तकका लागि तयार पारिएका हुन् । यी रचनालाई चारओटा खण्डमा विभाजन गरिएको छ : नागरिक-सेना सम्बन्ध, सैन्य राजनीति र तत्कालीन राजतन्त्र, माओवादीसँग युद्ध र पुनःसंरचनाका मुद्दा ।

पुस्तकको पहिलो खण्ड नागरिक सरकार र सेनाबीचको सम्बन्धवरिपरि घुमेको छ । पत्रकार खिम घलेले २०६६ सालमा माओवादी नेतृत्वको सरकार र नेपाली सेनाबीच भएको अभूतपूर्व असमझदारीको विस्तृत चित्रण गरेका छन् ।

---

[५५] रक्षा मन्त्रालय, गृह मन्त्रालय, नेपाली सेना र राष्ट्रिय सुरक्षा परिषद्को संलग्नतामा २०६६ सालमा तयार पारिएको राष्ट्रिय सुरक्षा नीतिको एउटा मस्यौदा लामो समय मन्त्रिपरिषद्मा विचाराधीन रह्यो जसबारे यो पुस्तक तयार पार्दासम्म निर्णय लिइएको थिएन ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल र प्रधानसेनापति रूक्मांगद कटवालबीच टकराव हुनुका मूलभूत कारण यो लेखमा केलाइएको छ ।

विश्लेषक दीपकप्रकाश भट्टले सेनामाथि लोकतान्त्रिक नियन्त्रणका चुनौतीका सम्बन्धमा कलम चलाएका छन् । नेपाली सेनाको ऐतिहासिक विकासक्रमको चर्चा गर्दै सरकार-सेना सम्बन्धका उतारचढावको व्याख्या-विश्लेषण उनले लेखमा गरेका छन् । उनले निष्कर्ष निकालेका छन्, "सेनालाई सत्तामा रहने वा पुग्ने भऱ्याङ बनाइयो भने त्यो कुनै पनि दृष्टिकोणले टिकाउ हुँदैन, बरु दुर्घटनामूलक हुन्छ । टिकाउ भए, त्यहाँ लोकतन्त्र रहन सक्दैन ।"

पूर्व सहायकरथी केशरबहादुर भण्डारीले परिवर्तित परिवेशमा नागरिक-सैन्य सम्बन्धका विविध आयामबारे सैद्धान्तिक प्रस्थापनासहित चर्चा गरेका छन् । उनले दुनै र होलेरीमा माओवादी आक्रमण हुँदा सेना किन परिचालित भएन वा दाङ ब्यारेकमा हमला हुँदा सेनाले किन प्रतिकारबाही गर्न सकेन अथवा प्रधानसेनापति प्रकरणको जग के हो भन्नेबारेमा घटनाविशेषलाई माध्यम बनाएर आफ्नो दृष्टिकोण र विश्लेषण पेस गरेका छन् । लेखक सेवानिवृत्त सैनिक अधिकारी भएकाले मुख्यतः सेनाको दृष्टिकोण प्रतिबिम्बित हुन्छ ।

दोस्रो खण्ड तत्कालीन प्रधानमन्त्री बीपी कोइरालाले २०१७ सालमा राजा महेन्द्रबाट अपदस्थ भएर जेल परेका वेला राजदरबारभित्रको सेनाबारे लेखेको अनुभवजन्य सामग्रीबाट सुरु गरिएको छ । यो लेखले त्यस वेला राजतन्त्रले नेपाली सेनालाई कसरी विभाजित गरेर शासन गरेको थियो भन्ने झल्को दिन्छ । 'बाहिरको' सेनालाई नियन्त्रण गर्ने 'भित्रको' त्यही सेनाको बलमा महेन्द्रले 'कू' गरेको बीपीको बुझाइ छ । र, निष्कर्ष निकालेका छन्- दरबारको पल्टन खारेज हुनुपर्छ । २०६३ सालमा शाही रक्षक बाहिनी र प्रमुख सैनिक सचिवालय विघटन गरिएपश्चात् मात्र सेनाभित्रको सेनाको अस्तित्व समाप्त भयो ।

तत्कालीन राजा वीरेन्द्र र ज्ञानेन्द्रको सैनिक सचिव भई काम गरेका विवेककुमार शाहको लेख दरबारमा सैन्य प्रमुख छँदाको अनुभवमा आधारित छ । २०४६ सालपछि नागरिक सरकार र दरबारबीच सेनाको नियन्त्रणको विषयलाई लिएर किन र कसरी टकराव भयो भन्नेबारे बुझाउन उनले कतिपय अनुद्घाटित प्रसंगसमेत सार्वजनिक गरेका छन् । नेपाली सेनालाई 'राजाकै सेना'का रूपमा लिएर उस वेला नेताहरूले गम्भीर भूल गरेको शाहको भनाइ छ ।

पत्रकार शरद अधिकारीले नेपाली सेनाको ऐतिहासिक पृष्ठभूमिसहित विभिन्न कालखण्डमा भएको यसको पुनर्गठन र पुनःसंरचनाबारे विवेचना गरेका छन् । साथै राजा वीरेन्द्रले २०३२ सालबाट थालेको दस/दस वर्षको आवधिक सैनिक

गुरुयोजनाका सम्बन्धमा चर्चा गर्दै २०४६ सालपछि त्यो योजना किन रोकियो र २०५८ सालमा ब्यारेकबाट निस्किएपछि सेनाले कसरी पुनः सामर्थ्य वृद्धि गऱ्यो भन्नेबारे लेखमा व्याख्या गरिएको छ ।

पुस्तकको तेस्रो खण्डमा सेनाले माओवादी विद्रोहीसँग पाँच वर्ष युद्ध लड्दाको घटनाक्रमलाई समेटिएको छ । पत्रकार पूर्ण बस्नेतको लेखमा सरकारी सुरक्षाकर्मीसँग लड्दालड्दै माओवादीले आफ्नै सेनाको विकास कसरी गर्नसके भन्ने विस्तृत वृत्तान्त छ । माओवादी नेतृत्वले अन्तर्राष्ट्रिय युद्ध रणनीतिलाई नेपालीकरण गर्दै आफ्नो लडाकु दललाई कसरी क्रमशः छापामार दल र जनमुक्ति सेनामा रूपान्तरित गर्नसक्यो भन्ने सिलसिलेवार बयान उनले गरेका छन् ।

बेलायतका सेवानिवृत्त जनरल साम कोवानले खारा र पिलीका दुई लडाइँको सेरोफेरोमा रही द्वन्द्वको राजनीतिक आयामलाई चिरफार गरेका छन् । यसमा खारामा माओवादी हार्दा र पिलीमा राजाको सेना पराजित हुँदा नेपालको राजनीतिक परिदृश्यमा के-कस्तो बदलाव आयो भन्नेबारे सूक्ष्म विश्लेषण छ ।

अन्तिम खण्डमा सेनाको समायोजन तथा पुनःसंरचनाका सम्बन्धमा विविध दृष्टिकोण समेटिएका छन् । यसमध्ये विश्लेषक गेजा शर्मा वाग्लेले राष्ट्रिय सुरक्षा नीतिको औचित्य र आधारबारे आफ्नो धारणा प्रकट गरेका छन् भने माओवादी नेता वर्षमान पुन 'अनन्त'ले नयाँ राष्ट्रिय सेना निर्माणबारे माओवादी अवधारणा अगाडि सारेका छन् । राजनीतिशास्त्री ध्रुबकुमारको लेखमा नेपाली सेना र माओवादी सेनाको समायोजनका जटिलता र सम्भावनाबारे उल्लेख गरिएको छ भने संयुक्त राष्ट्रसंघका पूर्व उपमहासचिव कुलचन्द्र गौतमले समायोजनका विभिन्न विकल्पहरू प्रस्तुत गरेका छन् ।

पुस्तकको अनुसूची खण्डमा नेपाली सेनाको संगठनात्मक संरचना, हालसम्मका प्रधानसेनापतिहरूको सूची, तत्कालीन प्रधानसेनापति रूक्मांगद कटवालको स्पष्टीकरण पत्र, उनलाई थमौती गर्न राष्ट्रपति रामवरण यादवले पठाएको पत्र र नेपाली सेनाले संविधानसभासमक्ष पेस गरेको लिखित सुझावका मुख्य अंशहरू समावेश गरिएका छन् ।